# अध्याय-एक

# अध्ययनको परिचय

## १.१. अध्ययनको पृष्ठभूमि :

विचार विनिमयको क्रममा मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनि भाषा हो । भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषा मानवीय वस्तु हो र मानवले भाषाको प्रयोग गर्दछ । मानव मनका भावना, विचार, ज्ञान, सिप आवश्यकता, चाहाना, पिर, व्यथा, सफलता, असफलता, सुख, दुःख, आदि अरू समक्ष प्रस्तुत गर्न र अरूका भनाइ, विचार, भावना, ज्ञान, सिप, आदिलाई ग्रहण गर्न भाषा कै प्रयोग गर्दछ । भाषा ज्ञान आर्जनको सशक्त र प्रभावकारी माध्यम हो । मानव मनका अन्तर भावनालाई अभिव्यक्त गर्ने र ग्रहण गर्ने मूलतः दुई बटा भाषिक स्वरूप छन् लिखित र मौखिक । मौखिक स्वरूपलाई उच्चार्य वा कथ्य भाषा पनि भन्ने गरिएको छ । लिखित वा मौखिक भाषाका माध्यमबाट प्रकट हुन्छ भने लिपि ह्नि अर्थात् लिखित भाषाका माध्यमबाट लिखित स्वरूप हुन्छ । उच्चरित ध्वनिहरूलाई लिपि चिह्नहरूको उपयोग गरी व्यउक्त गर्दा लिखित स्वरूपमा देखिन्छ । लिखित भाषालाई अर्को शब्दमा लिपिबद्ध स्वरूप पनि भन्ने गरिन्छ । लिखित माध्यममा (कथा, कविता, उपन्यास, जीवनी, गजल, निबन्ध) त्यस्तै पत्रपत्रिका, अभिलेख, चिठी पत्र, प्रमाण पत्र, उत्तर पुस्तिका आदिलार्य उदाहरण मान्न सकिन्छ ।

यस अध्ययनमा बढी विशिष्त, विश्वसनीय, औपचारिक, गहन, जटिल, व्याकरणसम्मत र बौदि्धक मानिन्छ । भाषामा लिखित अभिव्यक्तिलाई महत्वपूर्ण पक्ष मान्छि । बोलेर विचार व्यक्त गर्न नसकिने स्थितिमा लेखन सिपको आवश्यकता पर्दछ । मौखिक अभिव्यक्ति भन्दा लिखित अभिव्यक्तिमा स्वतन्त्रता, स्वतः स्फूर्त र असीमित वातावरण प्राप्त हुन्छ । भाषाको औपचारिक, विशिष्ट, मानक र स्तरीय भेद नै लिखित स्वरूपलाई मानिने भएकोले लिखित भाषाको महत्वपूर्ण स्थान रहेको छ । आजको युग विज्ञान र प्रविधिको युग हो । यस अवस्थामा विश्वलाई एक आपसमा परिचित गराउने माध्यम लिखित भाषालाई मानिन्छ ।

विद्यालय तहमा लेखाइ सिपका लागि विभिन्न विधा तथा अभ्यासहरू समावेश गरिए तापनि अपेक्षाकृत रूपमा उपलब्धि हासिल हुन सकेको छैन । विद्यार्थीको भाषिक क्षमता अन्तर्गत लेखाइ सिपमा विभिन्न कमजोरीहरू विद्यमान रहेका छन् । विद्यार्थीको

लेखाइ सिप विकासका लागि लेखाइसँग सम्बन्धित कमजोरीहरू पत्ता लगाई त्यसका निराकरणका उपायहरू पहिल्याउनु आवश्यक देखिन्छ । विद्यार्थीमा भाषिक क्षमता अभिव्यक्तिको अवस्था के कस्तो छ, उनीहरूले कुन कुन अवस्थामा गल्ती गरिरहेका छन्, विद्यार्थीहरूको वाक्य रचना क्षमता के कस्तो छ भनै अध्ययन अनुसन्धान हुनु नितान्त आवश्यक देखिन्छ । त्यस कारण प्रस्तुत शोधपत्रमा उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमतामा केन्द्रित रहि अध्ययन अगाडि बढाइएको छ ।

## १.२. समस्या कथन

विगतको अनुभवका आधारमा ज्ञान सिप आदि कुराहरूलाई पछिसम्म राखिराख्न, भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन, विभिन्न ग्रन्थहरूबाट महत्त्वपूर्ण विचारहरू लिई बौद्धिकताको विकास गर्न, लेखाइ सिपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसकारण लेखाइ सिपको बारेमा अध्ययन अनुसन्धान गरिनु आवश्यक हुन्छ । अनुसन्धान कुनै पनि समस्या वा प्रश्नको तथ्यमा आधारित निश्चित विधिको प्रयोग गरेर निकालिएको प्रमाणिक निष्कर्ष हो । अनुसन्धानमा समस्याको पहिचान नगरी अनुसन्धानको नजिक पुग्न सकिदैन (भण्डारी र अन्य, २०६८:२३) । त्यसर्थ सर्वप्रथम समस्याको पहिचान गरी अनुसन्धान कार्यए अगाडि बढाउनु पर्ने भएकोले उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको भाषिक क्षमतामा वाक्य रचनालाई समस्याका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रमा निम्न लिखित समस्यामा आधारित भई अध्ययन कार्यलाई अगाडि बढाइएको छ :

क) उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना कस्तो छ ?

ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्य रचना के कस्तो रहेको छ ?

ग) लैङ्गितकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना कस्तो छ ?

घ) भाषिष्क पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्य रचना के कस्तो छ ?

## १.३. अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययन निम्न लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) उदयपुर जिल्लाका कक्षा सातमा अभ्ययनरत विद्यार्थीहरूको सङ्गतिका आधारमा वाक्य रचना क्षमता पहिचान गर्नु ।

ख) विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

ग) लैङ्गितकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलना गर्नु ।

घ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र तामाङ्मातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

आफ्नो मनको विचार अरूलाई बुझाउने माध्यम नै भाषा हो । मानव जीवनमा भाषाको महत्त्वपूर्ण स्थान रहन्छ । भाषाका आधारभूत सिपहरू (सुनाइ, वोलाइ, पढाइ र लेखाइ) एक आपसमा अन्तर सम्बन्धित हुन्छन् । यी भाषिक सिपहरूले भाषालाई पूर्णता दिएको हुन्छ । भाषिक सिपमा दक्ष हुनु नै भाषामा दक्षता प्राप्त गर्नु हो । भाषाको विकासमा विभिन्न समस्याहरू देखा पर्दछन् । भाषिक सिपहरू मध्ये लेखाइ पि एक प्रभावकारी र भरपर्दो माध्यम हो । यसले व्यक्तिलाई भाषिक पूर्णता प्रदान गर्दछ । लिखित अभिव्यक्ति क्षमताको विकासमा विभिन्न किसिमका समस्याहरू आइपर्दछन् । ती समस्याले विद्यार्थीको लेखाइ पसप विकासमा प्रभाव पार्दछन् । त्यसकारण विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अध्ययन गरिनु वाञ्छनीय रहेको छ ।

कुनै पनि क्षेत्र वा विषयवस्तुको अध्ययन अनुसन्धान आफैंमा महत्त्वपूर्ण रहेको हुन्छ, जसबाट प्राप्त निष्कषएलाई उचित ढङ्गले उपयोग गर्न सकियो भने त्यसवाट अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिन्छ । यहाँ विद्यार्थीको वाक्य रचना क्षमताको अध्ययनले भषाको शुद्धता र विद्यार्थीलाई लेखाइ सिपमा सचेत गराउन र लेखाइ सिपमा रहेका कमीकमजोरी सच्याउन पनि सहयोग पुग्ने छ । खासगरी विद्यार्थीको भाषिक क्षमता अन्तगृत पठनबोध, उच्चारण क्षमता, जस्ता पक्षमा थुप्रै अध्ययन अनुसन्धानहरू भए तापनि सङ्गतिका आधारमा वाक्य रचना अक्षमतामा खासै शोधकार्य नभएको हुनाले यो शोधकार्यले यस

क्षेत्रमा गर्ने भावी अध्ययन अनुसन्धानलाई समेत आधारशिल प्रदान गर्ने विश्वास गरिएको छ ।

## १.५. अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत असी जना विद्यार्थीहरूको सङ्गतिका आधार (कर्ता र क्रियापद, नाम र सर्वनाम, विशेष्य र विशेषण, भेद्य र भेदक) मा वाक्य रचनाको विश्लेषण गरिएको छ ।

ख) चार वटा सामुदायिक विद्यालय र चार वटा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलना गरिएको छ ।

ग) चालिस जना छात्र र चालिस जना छात्राको आधारमा वाक्य रचनाको तुलना गरिएको छ ।

घ) नेपाली मातृभाषी र तामाङ्भाषी विद्यार्थीहरूको मात्र वाक्य रचनाको तुलना गरिएको छ ।

## १.६. अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई निम्नानुसार अध्याय र शीर्षकमा व्यवस्थित गरिएको छ :

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा रहेका छन् ।

अध्याय दुईमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेका छन् । पुनरावलोकन भित्र पुस्तक सम्वन्धी पुनरावलोकन र शोध सम्वन्धी पुनरावलोक नरहेका छन् । सैद्धान्तिक अवधारणा भित्र भाषाको परिचय, भाषिक क्षमताको परिचय, वाक्यको परिचय, वाक्यका प्रकार, वाक्य रचना शिक्षणको आवश्यकता र महत्त्व, वाक्य रचनाको तत्त्वहरू, सङ्गतिको परिचय, सङ्गतिका आधारहरू र सङ्गतिका प्रकारहरू रहेका छन् ।

अध्याय तिनमा अध्ययन विधि रहेको छ, जस भित्र जनसंख्या र नुमना छनोट, साधनको निर्माण, तथ्याङ्कन सङ्कलन र व्याख्या तथा विश्लेषण रहेका छन् ।

अध्याय चारमा व्याख्या तथा विश्लेषण अन्तर्गत कक्षा सातका विद्यार्थीहरूको वाक्य रचनामा कर्ता र क्रियापदको सङ्गति, नाम र सर्वनामको सङ्गति, विशेष्य र विशेषणको सङ्गति रहेका छन् ।

अध्याय पाँचमा सारांश, निष्कर्ष र उपादेयता रहेका छन् । उपादेयता भित्र नीतिगत आधारमा अध्ययन गरिएको छ ।

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

प्रस्तुत शोध पत्र तयार गर्दा त्यससँग सम्बन्धित विषयमा योभन्दा पहिले के कस्ता विषयमा अध्ययन अनुसन्धानहरू भएका छन् त्यसको बारेमा अध्ययन गरिनु आवश्यक हुन्छ । पूर्व गरिएका अध्ययन अनुसन्धानले वर्तमानको कार्यलाई केही सहयोग पुग्दछ । अध्ययन अनुसन्धानका क्रममा सम्बन्धित विषयमा यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै सम्बद्ध कार्यको पुनरावलोकन हो (बन्धु, २०६५ : २८) । उनका अनुसार पूर्व गरिएका सम्बद्ध कार्यको पुनरावलोकनलाई आफ्नो अध्ययन अनुसार व्यवस्थित गरी अनुसन्धानलाई अगाडि बढाउनु पर्दछ । सम्बद्ध कार्यको पुनरावलोकनले गर्न लागेको अध्ययनलाई प्रभावकारी र विश्वसनीय बनाउनका साथै अनुसन्धान सम्बन्धी केही मार्ग दर्शन प्रदान गर्दछ । यसभन्दा पूर्व विद्यार्थीहरूको भाषिक क्षमतामा केही अध्ययनहरू भएका पाइन्छन् जसमा विद्यार्थीहरूको भाषिक क्षमता पत्ता लगाउनु, लिखित अभिव्यक्ति क्षमताको पहिचान गर्नु, लेखाई सिपका कमजोरीहरू पत्ता लगाउनु, लिखित अभिव्यक्तिका विभिन्न विधा जस्तै : चिठी लेखन, निबन्ध लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट आदि जस्ता विधामा अध्ययन भएका पाइन्छन् ।

यस कार्यलाई अगाडि बढाउन यससँग सम्बन्धित पूर्व अध्ययनहरूले महत्वपूर्ण भूमिका खेलेको छ । पूर्व गरिएका अध्ययनहरूले यस अध्ययनलाई केही सहयोग मिलेको छ । पूर्व कार्यहरूको पुनरावलोकनले सम्बन्धित विषयमा के कति अध्ययनहरू भएका छन् बाँकी छ, पूर्व अध्ययनकर्ताहरूले के कस्तो उद्देश्यहरू निर्धारण गरेका छन्, कुन विधिको प्रयोग गरेका छन् र के कस्तो निष्कर्ष निकालेका छन् भन्ने कुराको जानकारी प्राप्त हुन्छ । यी सम्पूर्ण कुराहरूको जानकारीले यस अध्ययनलाई नितान्त मौलिक हुनमा सहयोग पुगेको छ । प्रस्तुत अध्ययन उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता शीर्षकमा आजसम्म कुनै पनि अनुसन्धान नभएकोले यो अध्ययन नितान्त मौलिक रहेको छ । यससँग सम्बन्धित पूर्व गरिएका केही पुस्तक र शोधपत्र सम्बन्धी भएका अध्ययनहरूको समीक्षा निम्नानुसार गरिएको छ ।

### २.१.१ पुस्तक सम्बन्धी पुनरावलोकन

श्रेष्ठ (२०५९) द्‍वारा *नेपाली व्याकरणका* केही पक्ष सरलीकृत चर्चामा नेपाली भाषाको परिचय, नेपाली वर्ण व्यवस्था, अक्षर संरचना, शब्दवर्ग धातु, काल, पक्ष, भाव, सङ्गति,कारक, विभक्ति, वाक्य विश्लेषण, वाक्य संश्लेषण शीर्षक राखि प्रत्येक शीर्षकको परिचय सहित प्रकार र प्रक्रियाको उदाहरण समेत व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ ।

ढकाल र खतिवडा (२०६९) द्‍वारा नेपाली भाषा र साहित्य शिक्षणमा वाक्य रचना शिक्षण, नेपाली भाषाका आधारभूत वाक्य ढाँचाहरू र तिनको शिक्षणीय महत्व, वाक्य रचना सम्बन्धी त्रुटिहरूको उदाहरण सहित उल्लेख गरिएको छ । त्यसै गरी आधारभूत वाक्य ढाँचाहरू र तिनको शिक्षणीय महत्त्वलाई पनि उदाहरण सहित प्रस्ट पारेको पाइन्छ ।

शर्मा र पौडेल (२०७०) द्‍वारा नेपाली भाषा र साहित्य शिक्षणमा वाक्य रचना शिक्षणको परिचय र प्रयोजन, नेपाली भाषाका आधारभूत वाक्य ढाँचाहरू र तिनको शिक्षणीय महत्त्व, वाक्य रचना शिक्षणका प्रमुख कार्यकलापहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । शिक्षणीय वाक्य ढाँचाको पहिचान, नेपाली सन्दर्भको छनोट, प्रयोग सन्दर्भ अनुकुल वाक्य ढाँचा, वाक्य रचनाको अभ्यास, निर्धारित वाक्य ढाँचा अनुरूप अनुच्छेद लेखन अभ्यास आदिको व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ ।

### २.१.२ शोध सम्बन्धी पुनरावलोकन

जोशी (२०६९) द्‍वारा कञ्चनपुर जिल्लाका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्‍यार्थीहरूको लिखित अभिव्यक्ति क्षमतामा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययन स्तरी नेपालीमा थारूभाषी विद्‍यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको पहिचान गर्नु, परीक्षणी पक्षका आधारमा नेपाली मातृभाषी र थारूमातृभाषी विद्‍यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको विश्लेषण गरिएको छ । क्षेत्रिय अध्ययन विधिको उपयोग गरी लिखित अभिव्यक्ति क्षमता अन्तर्गत अनुच्छेद लेखन, निबन्ध लेखन र चिठी लेखनमा सिमित गरिएको छ । सो अध्ययनको निर्ष्कषमा नेपाली मातृभाषीभन्दा थारूमातृभाषी विद्‍यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको, छात्रको तुलनामा छात्राको क्षमता उच्च रहेको छ । समग्रमा थारूमातृभाषी विद्‍यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

राय (२०७०) द्वारा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा अध्ययन समपन्न गरिएको छ । उक्त अध्ययन अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति पहिल्याउनुमा केन्द्रित रहेको छ । क्षेत्रिय अध्ययन विधिको उपयोग गरी नेपाली मातृभाषी र थारूमातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना गरिएको छ । निष्कर्षमा नेपाली मातृभाषीभन्दा थारूमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता कमजोर रहेको, छात्रकोभन्दा छात्राको वाक्य रचना क्षमता उच्च रहेको देखाएको छ । त्यसै गरी विमातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको पाइन्छ । समग्रमा रौतहत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालेको पाइन्छ ।

लामिछाने (२०७०) द्वारा गोरखा जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन सम्पन्न गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक अध्ययन गर्नुमा अध्ययन केन्द्रित रहेको छ । क्षेत्रिय अध्ययन विधिको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको, थारूमातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको र छात्रकोभन्दा छात्राको निबन्ध लेखन क्षमता राम्रो रहेको पाइन्छ । समग्रमा गोरखा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यम स्तरको रहेको निष्कर्ष निकालेको छ ।

पौडेल (२०७१) द्वारा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले वाक्य रचनामा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनमा लैङ्गिक आधारमा र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूले वाक्य रचनामा गर्ने त्रुटि क्षेत्रहरू पत्ता लगाई तिनीहरूको तुलनात्मक अध्ययन गरिएको छ । कास्की जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । निष्कर्षमा छात्रको भन्दा छात्राको वाक्य रचना क्षमता कमजोर रहेको र सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता राम्रो रहेको देखाएको छ ।

पुन (२०७१) द्वारा बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत मगर भाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनामा गर्ने त्रुटिहरूको अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा मगर भाषी विद्यार्थीहरूले वाक्य रचनाका पक्षहरूमा गर्ने त्रुटिहरू र त्रुटिका कारणहरू पत्ता लगाई निराकरणका उपायहरू समेत प्रस्तुत गरिएको छ । निष्कर्षमा मगर भाषी विद्यार्थीहरूले सबैभन्दा कम त्रुटि लिङ्गमा गरेको र सबैभन्दा बढी त्रुटि आदरमा गरेको देखाएको छ । समग्रमा मगरभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर नै रहेको निष्कर्ष निकालेको पाइन्छ ।

सुबेदी (२०७१) द्वारा बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन समपन्न गरिएको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी लेखाइ सिप अन्तर्गत अनुच्छेद, चिठी र निबन्ध लेखन गराइएको छ । उक्त अध्ययनमा विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा थारू मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपाली लेखन क्षमता पत्ता लगाउने, लेखाई सिपका कमजोरीहरू पत्ता लगाउने र लेखन क्षमता अभिवृद्धिका लागि आवश्यक सुझावहरू पहिल्याउनुमा अध्ययन केन्द्रित गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषीभन्दा थारूमातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको, सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता उच्च रहेको र छात्रको तुलनामा छात्राको क्षमता राम्रो रहेको निर्ष्कष निकालेको पाइन्छ । समग्रमा बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारूमातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता कमजोर नै रहेको निष्कर्ष निकालेको छ ।

अधिकारी (२०७१) द्वारा दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमतामा अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययन लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिल्याउनु र चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नुमा सीमित रहेको छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । निष्कर्षमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको र छात्राको तुलनामा छात्रको चिठी लेखन क्षमता उच्च रहेको देखाइएको छ । समग्रमा दाङ जिल्लाका कक्षा पाँचका विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालेको पाइन्छ ।

राई (२०७२) द्वारा तामाङ् मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनामा गर्ने त्रुटिहरूको अध्ययन गरेको पाइन्छ । उक्त अध्ययन तामाङ् मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनामा के कस्ता त्रुटिहरू गर्दछन् भन्ने मूल समस्यामा केन्द्रित रहेको छ । विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूले नेपाली वाक्य रचनाको व्याकरणात्मक कोटिमा गर्ने त्रुटिहरू पहिल्याउने र त्रुटिको वर्गीकरण गरी निराकरणका उपायहरू प्रस्तुत गर्नुमा केन्द्रित रहेको छ । वाक्य रचना सम्बन्धी अध्ययनमा लिङ्ग, वचन, पुरूष, आदर, काल र पक्षका आधारमा तामाङ्  मातृभाषा विद्यार्थीहरूले नेपाली वाक्य रचनामा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनमा क्षेत्रिय अनुसन्धान विधिको प्रयोग गरिएको छ । निष्कर्षमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले व्याकरणात्मक कोटिमा त्रुटि कम गरेको र तामाङ्मातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूले व्याकरणात्मक कोटिमा त्रुटि कम गरेको पाइन्छ । विषेश गरी तामाङ्  मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनाको आदरमा बढी त्रुटि गरेको पाइन्छ । समग्रमा तामाङ्  मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचना क्षमता कमजोर नै रहेको निष्कर्ष निकालेको पाइन्छ ।

यसरी हेर्दा खेरि पूर्वकार्यको पुनरावलोकन गर्दा हालसम्म वाक्य रचना सम्बन्धी थुप्रै अध्ययन अनुसन्धाहरू भएको पाइन्छ । तर उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता सम्बन्धी अध्ययन भएको पाइदैन । माथि सम्बन्ध कार्यको पुनरावलोकनले यस अध्ययनका लागि आवश्यक जानकारी प्रदान गरेको छ र अध्ययनलाई अगाडि बढाउनमा विशेष महत्तवपूर्ण भूमिका खेलेको छ । पूर्व कार्यहरूले वर्तमानको अध्ययनलाई विश्वसनीय र प्रभावकारी बनाउन पनि विशेष भूमिका खेल्दछ । सम्बद्ध कार्यको पुनरावलोकनले भाषिक क्षमता सम्बन्धी के कस्ता अध्ययनहरू भएका छन् र अध्ययन हुन बाँकी के कुरा छन् भन्ने कुराको जानकारी प्राप्त भयो । यसका साथै पूर्व गरिएका अध्ययनमा कुन विधि र प्रक्रियाका आधारमा अनुसन्धान गरिएको छ र के कस्तो निष्कर्ष निकालेको छ त्यसका बारेमा पनि जानकारी प्राप्त भयो । यी माथिका सम्पूर्ण पूर्वकार्यको पुनरावलोकनले अध्ययनलाई अगाडि बढाउन निकै सहयोग पुगेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

सैद्धान्तिक अवधारणा भित्र भाषाको परिचय, भाषिक क्षमताको परिचय, वाक्यको परिचय, वाक्यका प्रकार, वाक्य रचना शिक्षणको आवश्यकता र महत्त्व, वाक्य रचनाका तत्त्वहरू, सङ्गतिको परिचय, सङ्गतिका आधारहरू र सङ्गतिका प्रकारहरूका बारेमा वर्णन गरिएको छ ।

### २.२.१ भाषाको परिचय

विचारको विनिमय गर्ने माध्यमलाई नै भाषा भनिन्छ । भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषा मानवीय वस्तु हो र मानवले भाषाको प्रयोग गर्दछ । मानव मनका भावना, विचार, ज्ञान, सिप, आवश्यकता, चाहाना, पिर, व्यथा, सफलता, असफलता, सुख, दुःख, आदि अरू समक्ष प्रस्तुत गर्न र अरूका भनाइ, विचार, भावना, ज्ञान, सिप, आदिलाई ग्रहण गर्न भाषा कै प्रयोग गर्दछ । भाषा ज्ञान आर्जनको सशक्त र प्रभावकारी माध्यम हो । भाषा मानव मात्रले प्रयोग गर्ने विचार विनिमयको त्यस्तो साधन हो, जो प्रयोग सापेक्ष हुन्छ (भण्डारी र अन्य, २०६८ : ८) । मानव मनका अन्तर भावनालाई अभिव्यक्त गर्ने र ग्रहण गर्ने मूलतः दुई वटा भाषिक स्वरूप छन् : लिखित र मौखिक । मौखिक स्वरूपलाई उच्चार्य वा कथ्य भाषा पनि भन्ने गरिएको छ । लिखित वा मौखिक भाषाका माध्यमबाट एक अर्का समक्ष विचार प्रकट गर्नु नै अभिव्यक्ति हो । मौखिक कथ्य भाषाका माध्यमबाट प्रकट हुन्छ भने लेख्य भाषा लिपि चिह्न अर्थात् लिखित भाषाका माध्यमबाट पुष्टि हुन्छ ।

विचारको आदान प्रदान गर्नु नै अभिव्यक्ति हो । यो भाषाको लिखित र मौखिक स्वरूपबाट प्रकट हुन्छ । मानव मनका अन्तर भावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक स्वरूप तयार हुन्छ । मौखिक भाषा सहज र स्वभाविक हुन्छ भने लिखित भाषा कृत्रिमा र यान्त्रिक हुन्छ । मौखिक भाषा लिखित भाषाको आधार हो । यस कारण भाषाको क्षेत्रमा मौखिक भाषाको सार्वोपरि स्थान छ तापनि मौखिक अभिव्यक्तिलाई सुरक्षित र दीर्घकालसम्म बचाइ राख्न लिखित भाषा अपरिहार्य आधार भएको छ (पोखरेल, २०३१ : १२९) । लिखित वा मौखिक जुनसुकै भाषा अपनाए पनि एकले अर्को समक्ष आफ्ना भावनाहरू प्रकट गर्नु नै अभिव्यक्ति हो । मौखिक भाषाबाट प्रकट हुने विचारलाई मौखिक अभिव्यक्ति भनिन्छ भने लिखित भाषाका माध्यमबाट प्रकट हुने

विचारलाई लिखित अभिव्यक्ति भनिन्छ । मौखित भाषाबाट विचार आदान प्रदान गर्दा सुन्ने मान्छे नजिकै उपस्थित हुनु पर्दछ तर लिखित भाषाको माध्यमबाट विचार आदान प्रदान गर्दा स्रोता र वक्ताको विचमा प्रत्यक्ष रूपमा सम्पर्क नभए पनि हुन्छ । लिखित भाषा दीर्घकालिन हुने भएकाले यसबाट लेखक टाढा भएपनि उसको लेख पढेर पाठकले लाभ उठाउन सक्छन् । त्यसकारण लिखित भाषाको विकास हुनु आवश्यक छ । लिखित भाषा मानक र स्तरीय भएकोले भाषाको क्षेत्रमा यसको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

वाक्यका आधारभूत तत्त्वहरू (लिङ्ग, पुरूष, काल, भाव, पक्ष, कारक, वाच्य) मिलेर नै वाक्यको रचना हुन्छ । भाषालाई शुद्ध र स्तरीय बनाउनका लागि उचित ढङ्गले वाक्य रचना हुनु आवश्यक हुन्छ । मानवले भाषाको प्रयोग गर्दा कतिपय ठाँउमा अशुद्ध प्रयोग गरेको पाइन्छ । अशुद्ध भाषाको प्रयोग गर्नुमा विभिन्न पक्षहरूले प्रभाव पारेको हुन्छ । भाषा लेखाइ र बोलाइको माध्यमबाट प्रस्तुत हुन्छ । भाषाको प्रयोगमा शुद्धता र स्तरीयता ल्याउन भाषाको वाक्य रचना सम्बन्धी शिक्षण गरी देखाउनु आवश्यक देखिन्छ ।

### २.२.२ भाषिक क्षमताको परिचय

भाषा एक व्यवस्था भएकाले त्यसैका अधिनमा रहेर भाषाको उपयुक्त प्रयोग गर्न सक्ने योग्यतालाई भाषिक क्षमता भनि चिनाउन सकिन्छ । भाषामा आफ्नै विशेष व्यवस्था हुने भएकाले त्यसैको परिधि भित्र रहेर व्यक्तिले सहज र स्वाभाविक विकल्पहरूको व्यवस्था, शब्दभण्डार, स्वर र व्यञ्जनवर्ण लगायतका निश्चित व्यवस्थाहरूले भनिपूर्ण हुन्छ । एक व्यक्तिले समाजमा समायोजन हुनका लागि भाषाको साहारा लिनु पर्दछ । भाषा प्रयोगका लागि भाषिक व्यवस्थासँग परिचित रहनु पर्ने भएकाले भाषाको प्रयोग कुशलता आवश्यक पर्दछ । भाषामा पूर्णता प्राप्त गरेको व्यक्तिको व्यक्तिगत जीवन र सामाजिक प्रतिष्ठामा नै परिष्कार आउने भएकाले भाषिक क्षमता एक सामाजिक परिचय समेतको आधार बनेको पाइन्छ ।

विभिन्न विकल्पको व्यापकताले भाषालाई रोचक र मृदता थपेको पाइन्छ । यदि उपयुक्त स्थान, परिवेश र समयमा उपयुक्त व्यवस्थाहरूको छनोट गरी वाक्य रचना गरियो भने व्यक्तिको भाषिक क्षमता उच्च रहेको मान्न सकिन्छ । तर त्यस अवस्थालाई सदुपयोग गर्न नसकि परिस्थिति अनुसारको भाषिक प्रयोगमा अलमल देखापरेमा भाषिक क्षमता केही

कमजोर रहेको मान्न सकिन्छ । भाषिक प्रयोग शब्द, पद, पदावलीहरूको प्रयोग गर्दा गर्दै वास्तविक प्रयोगको परीक्षण वाक्यमा गएर सम्पन्न हुन्छ ।

भाषा प्रयोग गर्दा सञ्चार क्षमता, बोध क्षमता, अभिव्यक्ति क्षमता, पठन क्षमता, लेखन क्षमता, लगायत विभिन्न क्षमताहरूको आवश्यकता पर्ने गर्दछ । त्यस मध्येको एक प्रमुख भाषिक क्षमता वाक्य रचना क्षमता पनि हो । कर्ता अनुसारको क्रियापद राख्ने, काल, पक्ष, भाव, वाच्य, आदर आदिको उपयुक्त संयोजन गरी वाक्य रचना गर्ने क्षमतालाई वाक्य रचना क्षमता भनिन्छ । भाषाको जीवन वाक्यमा निर्भर रहने भएकाले वक्ताहरूले वाक्य रचनामा उपयुक्त क्षमता आर्जन गर्नु आवश्यक हुन्छ । यी समस्याहरूलाई आधार मानि प्रस्तुत अध्ययनमा सङ्गतिका आधारमा वाक्य रचनालाई आधार मानेर भाषिक क्षमताको अध्ययन गरिएको छ ।

### २.२.३ वाक्यको परिचय

भाषा विज्ञानमा भाषाको सबभन्दा ठूलो भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्यमा सार्थक शब्दहरूको निश्चित पदक्रम, स्विकार्य अर्थ र उपयुक्त सङ्गति हुनुपर्दछ । भाषिक संरचनाको सबैभन्दा ठूलो एकाइ पनि वाक्य हो । वाक्यमा नाम, क्रिया र अव्यय लगायत विभिन्न पदहरूको समावेश भएको हुन्छ तापनि एउटा कर्ता (उद्देश्य) र एउटा क्रिया ( विधेय) अवश्य समावेश भएको हुन्छ । वाक्यमा शब्द र अर्थहरूको समावेश गरिएको हुन्छ । नेपाली भाषा संयोगात्मक प्रकृतिको भएकाले वाक्य ढाँचामा कर्ता, कर्म र क्रियाको निश्चित पदक्रम रहेको पाइन्छ । कुनै पनि वाक्यमा अनिवार्य अङ्गका रूपमा उद्देश्य र विधेय भाग समावेश गरिएको हुन्छ । भाषा शास्त्रमा वाक्य रचना अभिन्न अङ्ग भएकाले यस विना भाषिक व्यवस्थाको अपूर्णता रहन्छ । अतः वाक्य रचनालाई भाषाको मुटुका रूपमा लिइन्छ । भाषाको अभिव्यक्ति प्रस्ट्याउन, भाषिक अर्थ प्रदान गर्न र अभिव्यक्तिमा सरलता ल्याउन वाक्य रचनाका विभिन्न पक्षहरूको प्रमुख भूमिका रहेको हुन्छ । भाषाको सञ्चालन शब्दहरूको अर्थ कोशीय तथा व्याकरणिक कोटिका आधारमा गर्न सकिने भएकाले वाक्य रचनालाई भाषामा सर्वाधिक महत्त्वको क्षेत्र मानिन्छ ।

शब्दको निश्चित अर्थ प्रदान गर्नुका साथै शब्द शब्द बिचको अन्तरसम्बन्ध देखाउने एकाइ नै वाक्य हो । कर्ता, कर्म र क्रियाको सही सङ्गति मिल्नु नै वाक्य रचना हो । वाक्य रचना नेपाली भाषाको मानक प्रयोगमा अभिन्न अङ्ग मानिन्छ । वाक्य रचना विना भाषा

सुसङ्गठित, सरल र नियमित रूपमा सञ्चालन हुन सक्दैन् । भाषालाई अर्थपूर्ण बनाउन, अभिव्यक्ति छुट्याउन वाक्य रचनाका विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । वाक्य रचना सम्बन्धी विभिन्न विद्वानहरूले निम्नानुसार चर्चा गरेको पाइन्छ :

कुनै शब्दको अर्थ व्यावहार द्वारा निर्धारित हुन्छ अर्थात् कुनै शब्द वा वाक्यको उच्चारण गर्नुभन्दा अघि र पछिको स्थितिका आधारमा नै वास्तविक अर्थ बोध हुन्छ (बन्धु, २०५३ : १२२) । नेपाली भाषाका कोटिहरूबाट व्याकरणिक अर्थ अभिव्यक्त हुन्छ, व्याकरणात्मक कोटिले शब्दहरू माँफ रहेको अन्तर्सम्बन्ध र शब्दका वाक्यात्मक कार्यको बोध हुन्छ (शर्मा, २०३६ : १४) ।

यसरी माथि उल्लेखित परिभाषाका आधारमा के कुरा स्पष्ट पार्न सकिन्छ भने व्याकरणिक कोटिहरू शब्द रचनाका जीवन्त पक्ष हुन जसले शब्द शब्दका बिचमा अन्तर सम्बन्ध कायम गरी भाषिक अर्थ उत्पादनका साथै व्याकरणिक कार्यको बोध गराउँछन् ।

### २.२.४ वाक्यका प्रकार

वाक्य उद्देश्य र विधेय खण्ड मिलेर बनेको हुन्छ जसमा उद्देश्य भनेको कर्ता र विधेय भनेको क्रिया हो । वाक्यमा रहने उद्देय र विधेय तथा संरचनात्मक स्वरूपका आधारमा वाक्यलाई तिन भागमा विभाजन गर्न सकिन्छ :

#### (क) सरल वाक्य

एउटा मात्र उद्देश्य र विधेय समावेश भएको वाक्यलाई सरल वाक्य भनिन्छ । यो आधार वाक्य हो । यसमा उद्देश्य विस्तारक र विधेय विस्तारक समेत रहन सक्छन् । उद्देश्य विस्तारक उद्देश्य भागमा पर्ने भएकाले यसले उद्देश्यको विशेषणका रूपमा काम गर्दछ भने विधेय विस्तारक विधेय भागमा रहने भएकाले यसले क्रियाविशेषणको काम गर्दछ । जस्तै :

अ) भाई पढ्छ ।

आ) मेरो भाइ कविता पढ्छ ।

इ) म कविता लेख्दै छु ।

ई) रमा हाँस्छे ।

**(ख) संयुक्त वाक्य**

दुईभन्दा बढी स्वाधीन उपवाक्य मिलेर बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्त वाक्यमा उपवाक्यलाई निरपेक्ष संयोजक (र, अनि, तर, पनि, अथवा, या तथा, किन्तु, वा, कि आदि) ले जोडेको हुन्छ । यस्ता वाक्यता दुई वा सो भन्दा बढी उद्‌देश्य र विधेय खण्ड रहन सक्छन् । जस्तै :

अ) रमेश विद्‌यालयबाट घर फर्के पछि खेल्न जान्छ ।

आ) आमा पनि आउनुभयो बुवा पनि आउनुभयो ।

इ) म खाजा खान्छु अनि पढ्न जान्छु ।

ई) तिमी भित्र जाऊ या बाहिर जाऊ ।

**(ग) मिश्र वाक्य**

एउटा स्वतन्त्र उपवाक्य र एक वा एक भन्दा बढी अधिन उपवाक्य रहेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । अथवा संयोजक (भन्ने, जब-तब, जुन, जे, जहाँ-त्यहाँ, जस्तो-त्यस्तो, आदि) द्‌वारा मुख्य उपवाक्य र अधीन उपवाक्यलाई जोडेर बनाएका वाक्यहरूलाई मिश्र वाक्य भनिन्छ । यसमा दुई भन्दा बढी उद्‌देश्य र विधेय खण्ड हुन्छन् । मिश्र वाक्यलाई सापेक्ष संयोजकले जोडेको हुन्छ । जस्तै :

अ) जब पानी पर्छ तब हिलो हुन्छ ।

आ) जहाँ शान्ति हुन्छ त्यहाँ प्रगति हुन्छ ।

इ) मैले ती दिदीलाई सम्झे जो साह्रै राम्री थिइन् ।

## २.२.५ वाक्य रचना शिक्षणको आवश्यकता र महत्तव

आफ्ना पूर्व अनुभव गरेका तथा थाहा पाएका कुराहरूलाई र आफ्ना विचार, भावना, इच्छा, आकाङ्क्षा, सम्झना, कल्पना आदिलाई सिलसिला मिलाएर उपयुक्त ढङ्गले प्रस्तुत गर्नका लागि वाक्य रचना एक महत्त्वपूर्ण पक्ष मानिन्छ । व्यक्तिले मानक र स्तरीय भाषाको प्रयोग गर्दा विभिन्न किसिमका गल्तीहरू गर्दछन् । त्यस्ता गल्तीहरू अथवा कमजोरीहरू हुनुमा विभिन्न पक्षहरूले प्रभाव पारेको हुन्छ । नेपाल बहुभाषिक मुलुक भएकाले यहाँ विभिन्न भाषाभाषिका व्यक्तिहरूको बसोबास रहेको पाइन्छ । नेपाली भाषाको मानक प्रयोगमा थुप्रै कमजोरीहरू पाइन्छन् । कमजोरीहरू हुनुमा भिन्न पारिवारिक अवस्था, भिन्न भाषाभाषिका वक्ता, वातावरण, वर्ग, उमेर आदिको प्रभाव पनि परेको पाइन्छ ।

खासगरी नेपाली मातृभाषी विद्यार्थीभन्दा इतर मातृभाषी विद्यार्थीहरूमा यस्ता खालका कमजोरीहरू रहेको पाइन्छ । यस्ता कमजोरीहरू एकै खालका नभई फरक फरक किसिमका हुन्छन् । त्यसकारण भाषाको शुद्ध र स्तरीय रूप निर्धारण गर्नका साथै मानक भाषाको प्रयोग क्षमता बढाउनका लागि वाक्य रचनाको शिक्षण गरिनु आवश्यक देखिन्छ ।

व्याकरणिक कोटहरूको सङ्गतिका आधारमा उपयुक्त र शुद्ध वाक्यको रचना गर्न सकिन्छ । वाक्यमा सङ्गति मिल्नु आवश्यक हुन्छ । सङ्गति विनाको वाक्य अर्थपूर्ण बन्न सक्दैन अथवा भन्न खोजेको अर्थभन्दा भिन्नै अर्थ बोध हुनजान्छ । त्यसकारण शुद्ध र स्तरीय मानक नेपाली भाषाको प्रयोगका लागि वाक्य रचना अभिन्न अङ्गका रूपमा लिइन्छ । उपयुक्त परिवेशमा शब्दहरूको आवश्यक संयोजक गरी भाषालाई सुसंस्कृत र परिष्कृत बनाएर आफ्ना आवश्यकताहरूलाई सहज रूपमा परिपूर्ति गर्न वाक्य रचनाको शिक्षण गरिनु आवश्यक छ । समग्रमा वाक्य रचना शिक्षणकको आवश्यकता र महत्त्वलाई यसरी उल्लेख गर्न सकिन्छ :

वाक्य रचनाका क्षेत्रमा विद्यार्थीहरूले गर्ने त्रुटि निराकरण गर्न, स्तर, परिवेश सन्दर्भ र औचित्यपूर्ण भाषाको प्रयोगमा दक्षता हाँसिल गराउन, भाषाको आधारभूत संरचना र वाक्य रचनाको आधारभूत विषयबारे सचेत गराउन, विद्यार्थीहरूले गर्ने त्रुटि क्षेत्र पहिचानका साथै त्यसको निराकरण गरी भाषिक सुधार गर्न, स्तरीय भाषाको प्रयोग गरी सम्बन्धित भाषाका विशेषताबारे सचेत रही मानक भाषा प्रयोग गर्ने दक्षता बढाउन, भाषाको अन्तर व्यवस्थाको बारेमा जानकारी गराउन, भाषामा शिष्टता, स्तरीयता, मिठास र शुद्धता ल्याउन, प्रभावपूर्ण, उत्पादक एवम् रोचक भाषाको प्रयोग गर्न ।

### २.२.६ वाक्य रचनाका तत्त्वहरू

भाषालाई शुद्ध, स्तरीय र मानक रूप प्रदान गर्न भाषामा वाक्य रचनालाई महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ । वाक्य रचनाका तत्त्वहरू नै भाषाका प्रमुख पक्षहरू हुन् । यी पक्षहरूले भाषालाई जीवन्त तुल्याएको हुन्छ । वाक्य रचनाका तत्त्वहरूका सम्बन्धमा विभिन्न विद्वानहरूको भिन्न धारणा रहेको पाइन्छ ।

वाक्य रचना अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विष्मयादिबोधक, निपात आदि पदवर्गका साथै लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाव र कारक आदिको रूपायन हुने भएकोले यी सबै वर्गलाई एकै समूहमा राख्नुपर्दछ (

त्रिपाठी तथा अन्य, २०३७ : २८२) । व्याकरणात्मक धारा ती हुन् जसले विभिन्न वस्तु, विचार र भाव जनाउने पदवर्गका अतिरिक्त रूपायन भई वा विभिन्न प्रत्ययहरू थपिइ व्याकरणात्मक कार्य निष्पन्न गर्दछ (बन्धु, २०५३ : ८३-८४) । उनका अनुसार लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाव कारक र वाच्य आदिलाई व्याकरणिक पक्ष मानिएको छ ।

यसरी वाक्य रचनामा सम्बन्धमा विद्वानहरूका भिन्न भिन्न मत रहे तापनि खास गरी वाक्य रचनाका तत्त्वहरूलाई निम्न प्रकारमा देखाउन सकिन्छ

**क) लिङ्ग**

भाले वा पोथी बुझाउने व्याकरणात्मक कोटिलाई लिङ्ग भनिन्छ । नेपाली भाषामा लिङ्गलाई पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमले हेरेको पाइन्छ । खास गरी नेपाली भाषामा मानवीय वस्तुका लागि लिङ्गगत विविधताको अवस्था पाइन्छ अथवा मानवीय प्राणीमा मात्र लिङ्गभेद गरिएको पाइन्छ । अमानवीय वस्तुलाई लिङ्गगत विभेद गरिएको पाइदैन् । नेपाली भाषामा वाक्य रचना गर्दा कर्ता अनुसार लिङ्गको पनि सङ्गति हुनुपर्दछ । कर्ता जुन लिङ्गमा छ त्यसको क्रिया पनि सोही अनुसार रहनु पर्दछ । यदि कर्ता र क्रिया बिचको सङ्गति नभएमा वाक्यले सही अर्थ प्रस्ट पार्न सक्दैन् जसलाई वाक्य रचनमा गरेको त्रुटि मानिन्छ । लिङ्को अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा अभिव्यक्त हुन्छ । जस्तै :

अ) उमा हाँस्दै आई । (स्त्रिलिङ्ग)

आ) राम रूदै आयो । (पुलिङ्ग)

नेपाली भाषामा नाम, विशेषण र क्रिया बाहेकका सर्वनाम र अव्यय शब्दले लिङ्गको अभिव्यक्ति गर्दैनन् । साथै नेपालीमा मानवेतरमा लिङ्गको भेद गरिदैन् । जस्तै :

अ) मोटो गाई आयो ।

आ) सानो पोथी आयो ।

**ख) वचन**

वचनको सम्बन्ध खासगरी सङ्ख्यासँग रहन्छ तापनि यसले सङ्ख्याको अतिरिक्त अन्य सङ्ख्यात्मक कार्य पनि गर्दछ । मानिसका मुखबाट उच्चरित हुने कुनै पनि सार्थक शब्द, बोली, बाणी, भनाई र कथन व्याकरणमा शब्दका रूपमा एक वा एक भन्दा धेरै बुझाउने विधान वा त्यस्तो सङ्ख्या भनेर वचनलाई चिनिन्छ (नेपाली बृहत शब्दकोश) । नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । त्यसैले यसको सम्बन्ध नामसँग हुन्छ (अधिकारी, २०४३ : २५) । नेपाली भाषामा वचन दुई प्रकारका छन् । एउटा

मात्र जनाउने एक वचन र दुई वा सो भन्दा बढी जनाउनेलाई बहु वचन भनिन्छ । सङ्ख्यालाई सङ्केत गर्ने भएकोले यसलाई सङ्ख्याको नामसँग जोडेको हो । वचनको अभिव्यक्ति नाम, सर्वना, विशेषण र क्रियापदमा हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

अ) भाइ आयो । (एक वचन)

आ) राम किताब किन्छ । (एक वचन)

इ) हामी बजार घुम्न जान्छौं । (बहु वचन)

उ) उनीहरू मामाघर गए । (बहु वचन)

**ग) पुरूष**

सर्वनामसँग अभिन्न सम्बन्ध राख्ने पुरूषलाई पनि वाक्य रचनाको एक महत्त्वपूर्ण कोटिका रूपमा लिइन्छ । नेपाली बृहत शब्दकोशमा पुरूषलाई सर्वनाम वा क्रियाको कर्ता भेदकका रूपमा चिनाएको छ । त्यसैगरी हेमाङ्गराज अधिकारीले कथनका सन्दर्भमा सङ्लग्न भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणिक कोटिलाई पुरूषको रूपमा चिनाएका छन् । अर्थात् व्यक्ति सन्दर्भलाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई पुरूष भनिन्छ । नेपाली भाषामा पुरूषलाई प्रयोग सन्दर्भका आधारमा तिन प्रकारमा विभाजन गरिएको छ ती हुन् प्रथम पुरूष, द्‌वितीय पुरूष र तृतीय पुरूष । वक्ताका सन्दर्भमा आउने म, हामी प्रथम पुरूष, स्रोताका सन्दर्भमा आउने तँ, तिमी, तपाई, हजुर द्‌वितीय पुरूष र कुराकानीका सन्दर्भमा अप्रत्यक्ष रूपमा काम पुरा गर्न आउने ऊ, उहाँ, उनीहरू, त्यो, आदि तृतीय पुरूष हुन्, जसलाई निम्नानुसार देखाउन सकिन्छ :

अ) हामी पोखरा घुम्न गयौं । (प्रथम पुरूष)

आ) म कविता लेख्छु । (प्रथम पुरूष)

इ) तिमी खाना खान आउ । (द्‌वितीय पुरूष)

ई) तपाई कहिले आउनुभयो । (द्‌वितीय पुरूष)

उ) त्यो शहर त साह्रै राम्रो थियो । (तृतीय पुरूष)

ऊ) उनीहरू त अस्ति नै आएका हुन् । (तृतीय पुरूष)

**घ) काल**

कर्ताले गरेको काम वा घटनाको समयलाई सङ्केत गर्ने व्याकरणात्मक कोटि नै काल हो । यसले क्रिया व्यापारको समय निर्धारण गर्दछ । यसले क्रियाको कार्यव्यापार,

घटना वा अभिव्यक्तिको समयलाई निर्धारण गर्दछ । कालको प्रत्यक्ष सम्बन्ध क्रियासँग मात्र हुने भएकाले काल क्रियामा आधारित वाक्य रचनाको पक्ष हो । नेपाली भाषामा काल खासगरी भूत र अभूत गरी दुई प्रकारका छन् । बितेको समयको बोध गराउने भूत काल हो । अभूत काल अन्तर्गत वर्तमान र भविष्यत् काल पर्दछन् । चलिरहेको समयको बोध गराउने वर्तमान काल र पछि आउने समयको बोध गराउने भविष्यत् काल हो । नेपाली भाषाको वाक्य रचनामा क्रियापदको कालगत सङ्गति मिलेन भने त्रुटि हुन्छ । त्यसकारण वाक्य रचनामा कालगत सङ्गति मिल्नु आवश्यक हुन्छ, जसलाई निम्नानुसार देखाउन सकिन्छ :

अ) आयुश खाजा खाँदैछ । (वर्तमान काल)

आ) विद्यार्थीले खेल खेल । (भूतकाल)

इ) भाइ परीक्षामा पास हुनेछ । (भविष्यत् काल)

**ङ) पक्ष**

क्रियासँग सम्बद्ध व्याकरणिक कोटि पक्ष हो । यसले काम कुन काल समय वा अवधिमा सम्पन्न भयो भन्ने कुराको बोध गराउँछ । समयमा काम भएको वा नभएको, भर्खरै सुरूवात भएको वा सकिनै लागेको आदि अवस्थाको बारेमा जानकारी गराउँछ । यसका विभिन्न प्रकारहरू छन् जसमा हेमाङ्ग राज अधिकारीले कालको परिवेश भित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाका विभिन्न अवस्था वा चरणहरू व्यक्त हुन्छन् भनेका छन् । नेपाली भाषामा वर्तमान र भविष्यत्का तिन पक्ष छन् भने भूतकालका पाँचवटा पक्षहरू रहेका छन् जुन निम्न अनुसार छन् :

**वर्तमान काल**

अ) म भात खान्छु । (सामान्य वर्तमानकाल)

आ) भाइ पढ्दैछ । (अपूर्ण वर्तमानकाल)

इ) भाइ विद्यालय भएको छ । (पूर्ण वर्तमानकाल)

**भूतकाल**

अ) मैले भाल खाए । (सामान्य भूतकाल)

आ) उनीहरू विद्यालयबाट आउँदै थिए । (अपूर्ण भूतकाल)

इ) मैले विद्यालयमा कविता सुनाएको थिए । (पूर्ण भूतकाल)

ई) हामी लुम्बिनी गएका थियौं । (अभ्यस्त भूतकाल)

उ) आज त पानी परेछ । (अज्ञात भूतकाल)

**च)　　भाव**

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ (अधिकारी, २०५५ : १२२) । अर्थ वा भाव क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो । यसको सम्बन्ध क्रियासँग मात्र नभएर पुरै वाक्यात्मक स्वरूपमा रहेको हुन्छ । भाव क्रियाको त्यो रूप हो जसबाट वक्ताको मानसिक भावको बोध हुन्छ, त्यसैलाई अर्थ भनिन्छ (तिवारी, २०२० : ३५) । विभिन्न भाषाविद्हरूका विचमा भावको सङ्ख्या बारे मतएक्यता नभए तापनि धेरैजसो पछिल्लो पुस्ताका भाषाविज्ञहरूले नेपाली भाषामा प्रयुक्त हुने मनोभावहरूलाई सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केतार्थक गरी जम्मा पाँच प्रकारका हुने कुरामा सहमति जनाएको पाइन्छ । भावलाई निम्नानुसार चिनाउन सकिन्छ ।

अ)　म कविता लेख्छु । (सामान्यार्थ)

आ)　तिमी गृहकार्य गर । (आज्ञार्थ)

इ)　तिमी जान सक्छौं ? (इच्छार्थ)

ई)　हामी यस पालिको दशैंमा घर जाउँला । (सम्भावनार्थ)

उ)　पानी पर्‍यो भने वाली सप्रिन्छ । (सङ्केतार्थ)

**छ)　　वाच्य**

वाक्य रचनाको तत्त्वहरू मध्येको वाच्य पनि एक महत्त्वपूर्ण व्याकरणात्मक कोटि हो । यसको शाब्दिक अर्थ भनिने कुरा वा भन्न योग्य कुरलाई बुझिन्छ । कर्ता, कर्म र भावको काम बुझाउने वा कुनै एउटासँग सम्वन्ध राख्ने क्रियापदका रूपमा वाचयलाई लिइन्छ (नेपाली वृहत शब्दकोश) । वाक्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्म्य भनिन्छ । अर्थात् कर्ता कमृ र भाव (क्रिया) मध्ये एउटालाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ (अधिकारी, २०७१: १८२) । यो सामान्यतया क्रियासँग सम्वन्धित हुन्छ । वाच्यले के सङ्केत गर्दछ भने वाच्य भित्रको कर्ताका रूपमा रहेको प्राणी अथवा वस्तुद्वारा कुरा काम सम्पादित भएको छ अथवा त्यो काम प्रभाववित भएको छ भन्ने भावलाई बुझाउँछ ।

वाच्यता वा प्रधानताका आधरमा नेपाली भाषामा वाच्य तिन प्रकारका छन्, कतृवाच्य, कर्मवाच्य र भाववाच्य, जसलाई निम्नानुसार चिनाउन सकिन्छ :

अ)　हामीहरूले पूजा गर्‍यौ । (कतृवाच्य)

आ)　भाइद्वारा भलिवल खोलियो । (कर्मवाच्य)

इ)	रमाद्वारा रिसाइन्छ । (भाववाच्य)

**ज)	आदर**

नाम, सर्वनाम र क्रियापदको सङ्केत गर्ने, व्यक्तिको सामाजिक इज्जत, मानप्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई खादर भनिन्छ । सामाजिक स्तर र प्रतिष्ठा अनुसारको आदर प्रयोग गरिन्छ । यो समाजको आर्थिक, सामाजिक र नैतिक पक्षसँग सम्वन्धित विषय पर्ना हो । आदरले व्याकरणिक कोटिहरूको सङ्केत गरेको हुन्छ । यो प्रसङ्ग, वचन वा क्रियापदका आधारमा भिन्न रूपले प्रस्तुत हुन्छ । आदरका लागि स्रोता सन्दर्भमा आदरार्थी सर्वनाम र अन्य सन्दर्भमा भने सर्वनाममा साथै आदरार्थी जनाउने नामको प्रयोग हुन सक्छ (अधिकारी, २०७१:१०२) । आदरको व्याख्या पनि भाषा पिच्छे फरक फरक हुने गर्दछ । नेपाली भाषामा आदर पाँच किसिमका छन्, जुन निम्नानुसार रहेका छन् ।

उच्चतम् आदर : मौसुफ

उच्चतर आदर : हजुर

उच्च आदर : उहाँ, तपाई

मध्यम आदर : तिमी, उनी

आदररहित : उ, तँ, त्यो

यसरी वाक्य रचनाका तत्तवहरूले भाषालाई शुद्ध, स्तरीय र मानक रूप प्रदान गर्दैछन् । नेपाली भाषामा वाक्य रचनालाई हेर्दौ सङ्गतिलाई एउटा महत्त्वपूर्ण पक्षका रूपमा हेरिन्छ । सङ्गतिलाई यसरी चिनाउन सकिन्छ :

## २.२.७. सङ्गतिको परिचय

वाक्यमा प्रयुक्त हुने नामिक पद र क्रियापदका विचमा लिङ्ग, वचन, पुरूष र आदरका आधारमा हुने मेललाई नै सङ्गति भनिन्छ । अथाव वाक्यमा प्रयोग भएका शब्क्दहरूको रूपात्मक मेल वा अनकलन नै सङ्गति हो । वाक्य शुद्धध वा त्रुछिरहित हुनका लागि कर्ता र क्रियाका विच अथवा वाक्यभित्रका विभिन्न शब्दहरूविच मेल हुनु नै सङ्गति हो । सङ्गतिलाइएे पदसङ्गति पनि भनिन्छ । वाक्यमा प्रयोग भएका शब्दहरूको रूपात्मक मेलालाई सङ्गति भनिन्छ । यस्तो सङ्गति विशेष गरेर वाक्यको कर्ता र क्रियापद, विशेष्य र विशेषणका वीच देखा पर्दछ । नाम र कोटिकारका साथै नाम र सर्वनामका वीच पनि

सङ्गति रहेको हुन्छ । वाक्यमा सङ्गति लिङ्ग, वचन, पुरूष र आदरका दृष्टिले पदहरूका वीच कायम हुने सङ्गति महत्त्वपूर्ण हुन्छ (अधिकारी २०६३:१९५) । उपयुक्त तरिकाले वाक्यहरूमा सङ्गति नमिलेमा अर्थ स्पष्ट हुँदैन भने त्यो वाक्य व्याकरणिक दृष्टिले पनि अशुद्ध मानिन्छ । सङ्गति विभिन्न आधारमा हुन्छ तर खासगरी नेपाली भाषाको वाक्य रचनामा लिङ्ग, वचन, पुरूष र आदरका आधारमा सङ्गति हुनु आवश्यक हुन्छ । कर्ता र क्रियाका चिमा लिङ्ग, वचन, पुरूष र आदरको सङ्गति मिलेको हुनुपर्दछ । सङ्गति लिङ्गका आधारमा पुलिङ्ग र स्त्रिलिङ्ग, वचनका आधारमा एक वचन र बहुवचन, पुरूषका आधारमा प्रथम पुरूष, द्वितीय पुरूष र तृतीय पुरूष, आदरका आधारमा उच्चततर आदर, उच्चतम् आदर, मध्यम आदर, निम्न आदर र आदररहित हुन्छन् ।

### २.२.७.१. सङ्गतिका आधारहरू

**क) लिङ्गका आधारमा सङ्गति**

उद्देश्य भाग जुन लिङ्गमा छ त्यसको विधेय भाग पनि सोही अनुसार रहनु नै लिङ्गका आधारमा सङ्गति मिल्नु हो । जस्तै :

क) बहिनी आई ।

ख) भाइ आयो ।

ग) मेरी आमा आउनुभयो ।

घ) मेरा वुवा आउनुभयो ।

**ख) वचनका आधारमा सङ्गति**

वाक्यमा नाम पद जुन वचनमा छ क्रियापद पनि सोही वचनमा रहनु नै वचनका आधारमा सङ्गति मिल्नु हो । जस्तै :

क) हामीहरू बजार गयौं ।

ख) हरि विद्यालय गयो ।

ग) राम र श्याम परीक्षामा प्रथम भए ।

घ) उनीहरू अस्ति पोखरा घुम्न गए ।

**ग) पुरूषका आधारमा सङ्गति**

उद्देश्य भाग जुन पुरूषमा छ त्यसको विधेय भाग पनि सोही अनुसार रहनु नै पुरूषका आधारमा सङ्गति मिल्नु हो । जस्तै :

क)	म पोखरा घुम्न गए ।

ख)	हामीहरूको परीक्षा आयो ।

ग)	तिमी कविता लेख ।

घ)	तँ घर जा ।

**घ)	आदरका आधारमा सङ्गति**

उद्देश्य भाग जुन आदरमा छ त्यसको विधेय भाग पनि सोही आदरमा रहनु नै आदरका आधारमा सङ्गति मिल्नु हो । जस्तै :

क)	दाइले कथा पढ्नुभयो ।

ख)	मेरा मामा आउनुभयो ।

ग)	आमाले मलाई खाजा दिनुभयो ।

घ)	मेरी भाउजु असल हुनुहुन्छ ।

सङ्गति वाक्य भित्र आउने पदावलीका विचको परस्पर रूपायनमा आधारित हुन्छ । खासगरी सङ्गतिलाई चार भेदमा विभाजन गर्न सकिन्छ ।

**२.२.७.२. सङ्गतिका प्रकारहरू**

**क)	कर्ता र क्रियापदको विचको सङ्गति**

कर्ता, कर्म र क्रियापदका विचको सङ्गति नै कर्ता र क्रियापद विचको सङ्गति हो । उद्देश्य पदको लिङ्ग, वचन, पुरूष र आदर अनुसारको विद्धेय पद रहन सकेमा मात्र वाक्य सही वन्न सक्छ र अर्थयुक्त पनि हुन्छ । कर्ता जुन लिङ्ग, वचन, पुरूष र आदरमा छ क्रियापद पनि सोही अनुसार हुनुपर्दछ । जस्तै :

अ)	भाइ बहिनीलाई बोलाउँछ । (पुलिङ्ग)

आ)	बहिनी भाईलाई बोलाउँछे । (स्त्रिलिङ्ग)

इ)	म तपाईलाई बोलाउँछु । (एक वचन)

ई)	राम, श्याम र हरि आए । (बहुवचन)

उ)	आमा बहिनीलाई भात खुवाउनुहुन्छ । (उच्चतर आदर)

**ख) नाम र सर्वनामको विचको सङ्गति**

सर्वनामको प्रयोग सधैं नामको सट्टामा हुने गर्दछ भने सोही अनुसार नाम र सर्वनामको विचमा सङ्गति हुनुपर्दछ । नामपदन जुन वचन र आदरमा हुन्छ त्यसको सर्वनाम पनि सोही वचन र आदरमा हुनुपर्दछ । जस्तै :

अ) भाइ गयो । ऊ फर्केर आएर । (एक वचन)

आ) भाइहरू गए । उनीहरू फर्केर आएनन् । (वहुवचन)

इ) आकाश गयो । ऊ फर्केर आएरन । (एकवचन, अनादार)

ई) आकाश गए । उनी फर्केर आएनन् । (बहुवचन, सामान्य आदर)

**ग) विशेष्य र विशेषणको विचको सङ्गति**

वाक्यमा आएको विशेष्य (नाम),। जुन लिङ्ग, वचन र आदरमा छ, विशेषण पनि सोही आधारमा रहनुलाई विशेष्य र विशेषणको विचको सङ्गति भनिन्छ । जस्तै :

अ) सानो भाइ (पुलिङ्ग) सानी बहिनी (स्त्रिलिङ्ग)

आ) सानी बहिनी आइन् । (सामान्य आदर) साना भाई आए र (सामान्य आदर)

इ) ठूलो दाई (एक वचन) ठूला दाइहरू (बहुवचन)

**घ) भेद्य र भेदकका विचको सङ्गति**

भेद्य नामपद हो भने भेदक भन्नेले सम्वन्धवाचक पष्ठी विभक्ति (को, का, की, रो, रा, री, नो, ना, नी) लागेका पदहरू हुन् । वाक्यमा आउने भेद्य जुन लिङ्ग, वचन र आदरमा छ भेदक पनि सोही अनुसार रहनुपर्दछ । जस्तै :

अ) उसकी बहिनी वाठी छे । (स्त्रिलिङ्ग)

आ) उसको भाइ बाठा् छ । (पुलिङ्ग)

इ) मेरा कितावहरू झोलामा छन् । (बहुवचन)

वाक्यमा सङ्गति हुने स्थानहरूलाई निम्न अनुसार देखाउन सकिन्छ :

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य | सङ्गतिको स्थान |
|---|---|---|
| क) बहिनी हास्यो । | क) भाइ हाँस्यो । | कर्ता र क्रिया विचको सङ्गति |
| खं भाइ सानो छ । उनीहरू विद्यालय जान सक्दैनन् । | ख) भाइ सानो छ । ऊ विद्यालय जान सक्दैन । | नाम र सर्वनाम विचको सङ्गति |
| ग) हामीले सेतो | ग) हामीले सेतो हिमालयहरू | विशेष्य र विशेषण विचको |

| | | |
|---|---|---|
| हिमालयहरू देख्यौं । | देख्यौं । | सङ्गति |
| घ) उसको आमा विरामी छन् । | घ) उसकी आमा विरामी छन् । | भेद्य र भेदक विचको सङ्गति |

प्रस्तुत उपर्युक्त तालिकाका आधारमा नेपाली भाषाको वाक्य रचनामा सङ्गति एक महत्त्वपूर्ण पक्ष मानिन्छ । वाक्यमा सङ्गति मिल्नु आवश्यक हुन्छ । सङ्गति विनाको वाक्य पूर्ण मानिदैन् र व्याकरणिक आधारमा पनि अशुद्ध मानिन्छ । कर्ता र क्रियापदका विचमा लिङ्ग, वचन, पुरूष र आदरको सङ्गति मिल्नु पर्दछ । विद्यार्थीहरूको भाषिक क्षमतालाई अध्ययन गर्दा बढीभन्दा वढी त्रुटिहरू लेखाई सिपमा देखापर्दछन् । लेखाइ सिपको त्रुटि भन्नाले नै वाक्य रचना सम्वन्धी त्रुटिहरू हुन् । यस्ता खालका त्रुटि हुनुमा विभिन्न पक्षहरूले प्रभाव महत्त्व रहेको हुन्छ । यी कोटिहरूले वाक्य रचनालाई अर्थपूर्ण वनाएको हुन्छ । त्यसकारण वाक्य रचनामा सङ्गतिलाई एक अभिन्न अङ्गका रूपमा लिइन्छ जसले भाषालाई जीवन्त राख्न समेत विशेष भूमिका खेल्दछ ।

# अध्याय : तीन
# अध्ययन विधि

## ३.१. परिचय

कुनै पनि कार्यलाई सफल र प्रभावकारी बनाउनका लागि उपयुक्त विधि र प्रक्रिया अपनाउनु आवश्यक हुन्छ । अनुसन्धान आफैंमा जटिल कार्य भए तापनि यसलाई सफल, प्रभावकारी र अर्थपूर्ण बनाउन विभिन्न विधिहरूको प्रयोग गर्नु पर्दछ । अनुसन्धानको प्रकृति अनुसार अध्ययन विधिहरू पनि फरक फरक किसिमका हुन्छन् । अनुसन्धानमा विधिले विशेष भूमिका खेलेको हुन्छ । अध्ययनलाई पूर्णता दिनका लागि अध्ययनको प्रकृतिका आधारमा सामग्रीहरू निर्माण त्यस पछि तथ्य सङ्कलन गरी सोही आधारमा व्याख्या तथा विश्लेषण गरिनु पर्दछ । प्रस्तुत अध्ययन उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचनामा केन्द्रित रहेकोले सोही अनुसार क्षेत्रिय अध्ययन विधिको उपयोगी गरिएको छ । यस अन्तर्गत तलका प्रस्तुत प्रक्रियाहरू अपनाइएका छन् ।

## ३.२. जनसङ्ख्या र नुमना छनोट

प्रस्तुत अध्ययनमा शैक्षिक सत्र २०७२ सालका कक्षा सातमा अध्ययनरत उदयपुर जिल्लाको नगरपालिका र गा.वि.स.का सामुदायिक र स्रंस्थागत विद्यालयका सम्पूर्ण विद्यार्थीहरूलाई जनसूख्याको रूपमा लिएको छ । सम्पूर्ण जिल्ला भरिका विद्यालयका विद्यार्थीहरूको एकै पटक वाक्य रचना क्षमता अध्ययन गर्न नसकिने भएकोले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी उदयपुर जिल्लाको कटारी नगरपालिका, सुडा गा.वि.स. र दैजी गा.वि.स ।

## ३.३. साधनको निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको वाक्य रचना क्षमतामा केन्द्रित रहेकाले सोही अनुसारका सामग्रीहरूको निर्माण गरिएको थियो । यस अन्तर्गत विभिन्न विषयमा वस्तुगत प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई भर्न लगाइएको थियो र स्वतन्त्र लेखनका लागि शीर्षक दिएर निबन्ध, वर्णनात्मक प्रबन्ध जस्ता ढाँचामा लिखित अभिव्यक्ति दिन लगाइएको थियो ।

## ३.४. तथ्याङ्क सङ्कलन

उपस्थित भई सम्बन्धित विद्यालयका प्र.अ., विषय शिक्षक र विद्यालय प्रशासनसँग आवश्यक छलफल गरिएको थियो । प्रत्येक विद्यालयमा विद्यार्थीहरूलाई कोटा पद्धीबाट नमुना छनोट गरी छनोटमा परेका विद्यार्थीहरूलाई अलगै कोठामा राखी आवश्यक निर्देशन दिदै निश्चित समय निर्धारण गरी तयार पारेका वस्तुगत प्रश्नावलीहरू भर्न लगाइएको थियो । स्वतन्त्र लेखनका लागि शीर्षक दिएर निबन्ध र वर्णनात्मक प्रबन्ध जस्ता ढाँचामा विद्यार्थीहरूलाई लिखित अभिव्यक्ति दिन लगाइएको थियो । विद्यार्थीहरूले लेखेको उत्तर पुस्तिकालाई सङ्कलन गरी विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययनको लागि मापन गरिएको छ ।

## ३.५. व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यमा विद्यार्थीहरूको भरेका वस्तुगत प्रश्नावलीहरूमा र स्वतन्त्र लेखनमा जनाएका लिखित अभिव्यक्तिका आधारमा सङ्गति हेरिएको छ । कर्ता र क्रियापद, नाम र सर्वनाममा लिङ्ग, वचत पुरूष र आदरको सङ्गति, विशेष्य र विशेषण, भेद्य र भेदकमा लिङ्ग, वचन र आदरको सङ्गति हेरिएको छ । विद्यार्थीहरूले वाक्य रचनामा देखाएको प्रतिक्रियालाई सही प्रतिक्रिया र गलत प्रतिक्रिया उल्लेख गरी उक्त प्रतिक्रियाको प्रतिशतका साथै औसत प्रतिशत समेत निकाली तालिकिकरण गरिएको छ । तालिकिकरण गर्दा कर्ता र क्रियापद, नाम र सर्वनामको सङ्गतिमा लिङ्ग, वचन, पुरूष र आदर सम्बन्धी प्रश्नहरू र विशेष्य र विशेषण, भेद्य र भेदकको सङ्गतिमा लिङ्ग, वचन र आदर सम्बन्धी प्रश्नहरूलाई छुट्याई विद्यार्थीहरूले जनाएका सही र गलत प्रतिक्रियाहरूको प्रतिशत निकालिएको छ ।

विद्यालयको प्रकृति, लैङ्गिकता र भाष्कि पृष्ठभूमिका आधारमा विद्यार्थीहरूले वाक्य रचनामा जनाएको सही र गलत प्रतिति्रयाहरूलाई तुलनात्मक रूपमा व्याख्या तथा विश्लेष्ण गरिएको छ । समग्रमा विद्यार्थीहरूको वाक्य रचनालाई प्रस्तुत गर्दा ५० प्रतिशतभन्दा कम सङ्गति मिलाउने विद्यार्थीलाई न्यून, ५० देखि ७० सम्म सङ्गति मिलाउने विद्यार्थीहरूलाई मध्यम, ७० देखि ९० सम्म सङ्गति मिलाउने विद्यार्थीहरूलाई राम्रो र ९० प्रतिशत भन्दा माथि सङ्गति मिलाउने विद्यार्थीहरूलाई उच्च मानि व्याख्या तथा विश्लेषण गरिएको छ ।

विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्य रचनालाई तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरी त्रुटि गरेका क्षेत्रहरू समेत प्रस्तुत गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

# अध्याय : चार
# व्याख्या र विश्लेषण

प्रस्तुत शोधपत्रमा उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमता शीर्षक अन्तर्गत सङ्गतिका आधारमा वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । सङ्गतिका आधारमा वाक्य रचनालाई हेर्दा कर्ता र क्रियापद, नाम र सर्वनामको सङ्गतिमा लिङ्ग, वचन, पुरूष, आदर, विशेष्य र विशेषण, भेद्य र भेदकको सङ्गतिमा लिङ्ग, वचन र आदरका आधारमा मात्र विद्यार्थीहरूको वाक्य रचनाको व्याख्या तथा विश्लेषण गरिएको छ । यस शोधपत्रको उद्देश्य पूरा गर्न वस्तुगत प्रश्नहरूका साथै स्वतन्त्र लेखनका प्रश्नहरू निर्माण गरी उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत नगरपालिका र गा.वि.स.का चार सामुदायिक चार संस्थागत विद्यालयवाट चालिस जना छात्र र चालिस जना छात्रा गरी जम्मा ८० जना विद्यार्थीहरूको परीक्षा लिई सामग्री सङ्कलन गरिएको थियो । विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमतालाई कर्ता र क्रियापद, नाम र सर्वनाम, विशेष्य र विशेषण, भेद्य र भेदकको सङ्गति हेरिएको छ । विद्याथीृहरूले जनाएको प्रतिक्रियाहरूलाई तालिकीकरण गरी प्रतिशत समेत निकालिएको छ र विद्यार्थीहरूले गरेका त्रुटि क्षेत्रहरू समेत उल्लेख गरी व्याख्या तथा विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

## ४.१. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको स्थिति

उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सङ्गतिका आधारमा वाक्य रचना क्षमतालाई समग्रमा परीक्षण गर्दा कर्ता र क्रियापदमा लिङ्ग, वचन, पुरूक्ष र आदर, नाम र सर्वनाममा लिङ्ग, वचन, पुरुष र आदर, विशेष्य र विशेषणमा लिङ्ग, वचन र आदर, भेद्य र भेदकमा लिङ्ग वचन र आदरको सङ्गतिमा जनाएका प्रतिक्रियाहरूको विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.१.१. कर्ता र क्रियापदको सङ्गति

कर्ता र क्रियापदको सङ्गतिमा विद्यार्थीहरूले जनाएका प्रतिक्रियाहरूको विवरण तालिकामा उल्लेख गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका १**

**कर्ता र क्रियापदको सङ्गति**

| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सङ्ख्या | सही प्रतिशत | गलत गर्ने सङ्ख्या | गलत प्रतिशत | अप्रतिक्रिया |
|---|---|---|---|---|---|---|
| लिङ्ग सम्वन्धी | क | ७७ | ९७% | ३ | ३% | - |
| | ख | ७९ | ९९% | १ | १% | - |
| वचन सम्वन्धी | ग | ७८ | ९७% | २ | ३% | - |
| | घ | ६७ | ८४% | १३ | १६% | - |
| पुरूष सम्वन्धी | ङ | ६७ | ८२% | १३ | १८% | - |
| | च | ७१ | ८९% | ९ | ११% | - |
| आदर सम्वन्धी | छ | ७५ | ९४% | ५ | ६% | - |
| | ज | ७५ | ९४% | ५ | ६% | - |
| | औसत | | ९२% | | ८% | - |

माथिको तालिकामा वाक्य रचनजालाई हेर्दा औसतमा कर्ता र क्रियापदको सङ्गतिमा विद्यार्थीहरूले ९२ प्रतिशत  सङ्गति मिलाएका भने ८ प्रतिशत सङ्गति विगारेका छन् । सवैभन्दा वढी ९९ प्रतिशत विद्यार्थीहरूले लिङ्गमा सङ्गति मिलाएका छन् । पुरूषमा सवैभन्दा बढी ८२ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । कर्ता र क्रियापदको सङ्गतिभित्र वचनमा ८४ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । आदरमा ९४ प्रतिशत विद्यार्थीहरूले मिलाएका छन् । समग्रमा कर्ता र क्रियापदको सङ्गतिका आधारमा विद्यार्थीको वाक्च रचना क्षमता उच्च नै रहेको देखिन्छ । विद्यार्थीहरूले पुरूष र वचनमा गरेको त्रुटि यस्तो छ ।

हामीहरू घर जान्छौ ।

त्यो साथी स्कुल गयौं ।

## ४.१.२. नाम र सर्वनामको सङ्गति

नाम र सर्वनामको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका २**

**नाम र सर्वनामको सङ्गति**

| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गन तालिका २ नाम र सर्वनामको सङ्गति सङ्ख्या | सही प्रतिशत | गलत गर्ने सङ्ख्या | गलत प्रतिशत | अप्रतिक्रिया |
|---|---|---|---|---|---|---|
| लिङ्ग सम्वन्धी | क | ७८ | ९६% | २ | ४% | - |
| | ख | ६८ | ८४% | १३ | १६% | - |
| वचन सम्वन्धी | ग | ७३ | ९१% | ७ | ९% | - |
| | घ | ७९ | ९९% | १ | १% | - |
| पुरूष सम्वन्धी | ङ | ७५ | ९२% | ६ | ८% | - |
| | च | ६३ | ७७% | १७ | २२% | - |
| आदर सम्वन्धी | छ | ७९ | ९९% | १ | १% | - |
| | ज | ७० | ८७% | १० | १२% | - |
| | औसत | | ९१% | | ९% | - |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा नाम र सर्वनामको सङ्गतिमा विद्यार्थीहरूले ९१ प्रतिशत सङ्गति मिलाएका छन् भने ९ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । विद्यार्थीहरूले वचन र आदरमा सवैभन्दा वढी ९९ प्रतिशत सङ्गति मिलाएका छन् । सवैभन्दा वढी पुरूषमा २२ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । लिङ्गमा पनि १६ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । विद्यार्थीहरूले पुरुष र लिङ्गमा सवैभन्दा वढी त्रुटि गरेका छन् भने वचन र आदरमा वढी सङ्गति मिलाएका छन. । समग्रमा विद्यार्थीको नाम र सर्वनामको सङ्गतिका आधारमा वाक्य रचना क्षमता उच्च नै रहेको देखिन्छ ।

### ४.१.३. विशेष्य र विशेषणको सङ्गति

विशेष्य र विशेषणको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ३**

**विशेष्य र विशेषणको सङ्गति**

| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सङ्ख्या | सही प्रतिशत | गलत गर्ने सङ्ख्या | गलत प्रतिशत | अप्रतिक्रिया |
|---|---|---|---|---|---|---|
| लिङ्ग सम्वन्धी | क | ५४ | ६७% | २६ | ३४% | |
| | ख | ६७ | ८४% | १३ | १७% | |
| | ग | ५५ | ६९% | २५ | ३१% | |
| वचन सम्वन्धी | घ | ४३ | ५४% | ३७ | ४६% | |
| | ङ | ७४ | ९२% | ६ | ७% | |
| | च | ४५ | ५७% | ३५ | ४४% | |
| आदर सम्वन्धी | छ | ७७ | ९६% | ३ | ४% | |
| | ज | ४२ | ५२% | ३८ | ४७% | |
| | औसत | | ७२% | | २८% | |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा विशेष्य र विशेषणको सङ्गतिमा विद्यार्थीहरूले ७२ प्रतिशत सङ्गति मिलाएका छन् भने २८ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । सवैभन्दा वढी ९६ प्रतिशत विद्यार्थीहरूले आदरमा सङ्गति मिलाएका छन् भने वाँकी ४ प्रतिशत विद्यार्थीहरूले आदरमा सङ्गति विगारेका छद्धन् । वचनमा ४६ प्रतिशत विद्याथीृहरूले सङ्गति विगारेका छन् भने वाँकी ५४ प्रतिशतले मात्र वचनमा सङ्गति मिलाएका छन् । लिङ्गमा ६७ प्रतिशत विद्यार्थीहरूले सङ्गति मिलाएका छन् भने वाँकी ३४ प्रतिशतले सङ्गति विगारेका छन् । यसरी हेर्दा विशेष्य र विशेषणको सङ्गतिमा विद्यार्थीहरूले सवैभन्दा वढी वचन त्रुटि गरेको पाइन्छ । समग्रमा विद्यार्थीको विशेष्य र विशेषणको सङ्गतिका आधारमा वाक्य रचना क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

वचन र उच्च आदरमा विद्यार्थीहरूले गरेको त्रुटि यस्तो छ

हामीहरू रमाउँदै लुम्बिनी गयौं ।

आमा आउनुभयो भने म उनलाई ढोग्छु ।

### ४.१.४. भेद्य र भेदकको सङ्गति

भेद्य र भेदकको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ४**

**भेद्य र भेदकको सङ्गति**

| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सङ्ख्या | सही प्रतिशत | गलत गर्ने सङ्ख्या | गलत प्रतिशत | अप्रतिक्रिया |
|---|---|---|---|---|---|---|
| लिङ्ग सम्वन्धी | क | ७८ | ९६% | ४ | ४% | |
| | ख | ७९ | ९७% | ३ | ३% | |
| वचन सम्वन्धी | ग | ७९ | ९९% | १ | १% | |
| | घ | ५८ | ७२% | २२ | २८% | |
| | ङ | ७६ | ९५% | ४ | ५% | |
| आदर सम्वन्धी | च | ६९ | ८६% | ११ | १४% | |
| | छ | ७१ | ८९% | ९ | ११% | |
| | ज | ७० | ८७% | १० | १३% | |
| | औसत | | ९१% | | ९% | |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा भेद्य र भेदकको सङ्गतिमा विद्यार्थीहरूले ९१ प्रतिशत सङ्गति मिलाएका छन् भने ९ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । सवैभन्दा वढी ९७ प्रतिशत विद्यार्थीहरूले लिङ्गमा सङ्गति मिलाएका छन् भने वाँकी ३ प्रतिशत विद्यार्थीले सङ्गति विगारेका छन् साथै आदरमा पनि १४ प्रतिशत विद्यार्थीहरूले सङ्गति विगारेका छन् । वचन र आदरमा विद्यार्थीहरूले वढी त्रुटि गरेको पाइन्छ । यसरी औसतमा हेर्दा भेद्य र भेदकको सङ्गतिमा विद्यार्थीको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

वचनमा गरेको त्रुटि यस्तो छ

हामीहरूको परीक्षा आए ।

## ४.२. विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलना

उदयपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सङ्गतिका आधारमा वाक्य रचना क्षमतालाई विद्यालयको प्रकृतिका आधरामा वाक्य रचना परीक्षण गर्दा कर्ता र क्रियापदमा लिङ्ग, वचन, पुरूष र आदर, नाम र सवनाममा लिङ्ग, वचन, पुरूष र आदर, विशेष्य र विशेषणमा लिङ्ग, वचन, र आदर, भेदय र भेदकमा लिङ्ग, वचन र आदरको सङ्गतिमा जनाएका प्रतिक्रियाहरूको विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.२.१. कर्ता र क्रियापदको सङ्गति

कर्ता र क्रियापदको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ५**

**कर्ता र क्रियापदको सङ्गति**

| | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग | क | ३८ | ९५% | २ | ५ | क | ३९ | ९७% | १ | ३% |
| सम्वन्धी | ख | ३८ | ९५% | २ | ५ | ख | ४० | १००% | | |
| वचन | ग | ३८ | ९५% | २ | ५ | ग | ४० | १००% | | |
| सम्वन्धी | घ | २८ | ७०% | १२ | ३० | घ | ३८ | ९५ % | २ | ५% |
| पुरूष | ङ | २९ | ७२% | ११ | ३ | ङ | ४० | १००% | | |
| सम्वन्धी | च | ३१ | ७७% | ९ | २३ | च | ४० | १००% | | |
| आदर | छ | ३७ | ९२% | ३ | ८ | छ | ३९ | ९७% | १ | ३% |
| सम्वन्धी | ज | ३७ | ९२% | ३ | ८ | ज | ३७ | ९२% | ३ | ८% |
| | औसत | | ९०% | | १० | औसत | | ९८% | | २% |

माथिको तालिकामा वाक्य रचनजालाई हेर्दा औसतमा कर्ता र क्रियापदको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ९० प्रतिशत सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ९८ प्रतिशत सङ्गति मिलाएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले १० प्रतिशत सङ्गति विगारेका छन् भने संस्थागतका विद्यार्थीहरूले २ प्रतिशत सङ्गति विगारेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले कर्ता र क्रियापदको सङ्गतिमा सवैभन्दा वढी ९५ प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ९७ प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूको सवैभन्दा वढी १०० प्रतिशत पुरूषमा सङ्गति मिलाएका छन् भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले ७७प्रतिशत पुरूषमा सङ्गति मिलाएका छन् भने सामुदायिक विद्यालयका विद्यार्थीर्प्हरूले ७७ प्रतिशत पुरूषमा सङ्गति मिलाएका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूको वचनमा ९५ प्रतिशत सङ्गति मिलाएका छन् भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले वचनमा ७० प्रतिशत सङ्गति मिलाएका छन् । कर्ता र क्रियापदको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ३० प्रतिशत वचनमा र २३ प्रतिशत पुरूषमा सूगति विगारेका छन् भने संथागत विद्यालयका विद्यार्थीहरूले ८ प्रतिशत आदरमा र ५ प्रतिशत वचनमा वढी सङ्गति विगारेका छन् । यसरी औसतमा हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले वचनमा कम त्रुटि गरेको पाइन्छ । संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले पुरूषमा वढी त्रुटि गरेको पाइन्छ । कर्ता र क्रियापदको सङ्गतिमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

### ४.२.२. नाम र सर्वनामको सङ्गति

नाम र सर्वनामको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

## तालिका ६

## नाम र सर्वनामको सङ्गति

| | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग | क | ३८ | ९५% | २ | ५ | क | ४० | १००% | | |
| सम्वन्धी | ख | ३४ | ८५% | ६ | १५ | ख | ३६ | ९०% | ४ | १०% |
| वचन | ग | ३४ | ८५% | ६ | १५ | ग | ४० | १००% | | |
| सम्वन्धी | घ | ४० | १००% | | | घ | ४० | १००% | | |
| पुरूष | ङ | ३८ | ९५% | २ | ५ | ङ | ३९ | ९७% | १ | ३% |
| सम्वन्धी | च | ३१ | ७७% | ९ | २३ | च | ३० | ७५% | १० | २५% |
| आदर | छ | ३८ | ९५% | २ | ५ | छ | ४० | १००% | | |
| सम्वन्धी | ज | ३८ | ९५% | २ | ५ | ज | ३९ | ९७% | १ | ३% |
| | औसत | | ९१% | | ९ | औसत | | ९५% | | ५% |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा नाम र सर्वनामको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ९१ प्रतिशत सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ९५ प्रतिशत सङ्गति मिलाएका छन् । नाम र सर्वनामको सङ्गतिमा सामुदायिक विद्यालयका विजद्यार्थीहरूले ९ प्रतिशत सङ्गति विगारेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ५ प्रतिशत सङ्गति विगारेका छन् । सामुदाउिक विद्यालयका विद्यार्थीहरूले सबैभन्दा वढी १०० प्रतिशत वचनमा सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले पनि १०० प्रतिशत वचनमा सङ्गति मिलाएका छद्धन् । नाम र सर्वनामको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले लिङ्गमा ८५ प्रतिशत सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीर्ह्हरूले लिङ्गमा ९० प्रतिशत सङ्गति मिलाएका छन् ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूले पुरूषमा ९ प्रतिशत सङ्गति विगारेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले पुरूषमा २५ प्रतिशत सङ्गति विगारेका छन् । नाम र सर्वनामको सङ्गतिमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले वचनमा

समान सहभागिता जनाएका छन् भने सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले पुरूषमा त्रुटि वढी गरेको पाइन्छ । समग्रमा नाम र सर्वनामको सङ्गतिमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

### ४.२.३. विशेष्य र विशेषणको सङ्गति

विशेष्य र विशेषणको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ७**

**विशेष्य र विशेषणको सङ्गति**

| | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग सम्वन्धी | क | ३१ | ७५ | ९ | २५ | क | २६ | ६५ | १४ | ३५ |
| | ख | ३२ | ८० | ८ | २० | ख | ३६ | ९० | ४ | १० |
| | ग | २० | ५० | २० | ५० | ग | ३४ | ८५ | ६ | १५ |
| वचन सम्वन्धी | घ | १५ | ३७ | २५ | ६३ | घ | २९ | ७२ | ११ | २८ |
| | ङ | ३८ | ९५ | २ | ५ | ङ | ३९ | ९७ | १० | ३ |
| | च | १७ | ४२ | २३ | ५८ | च | ३० | ७५ | १ | २५ |
| आदर सम्वन्धी | छ | ३७ | ९२ | ३ | ८ | छ | ३७ | ९२ | ३ | ८ |
| | ज | ११ | २७ | २९ | ७३ | ज | ३४ | ८५ | ६ | १५ |
| | औसत | | ६३ | | ३७ | औसत | | ८३ | | |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा विशेष्य र विशेषणको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ६३ प्रतिशत सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ८३ प्रतिशत सङ्गति मिलाएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले विशेष्य र विशेषण सङ्गतिमा ३७ प्रतिशत सङ्गति विगारेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूको १७ प्रतिशत सङ्गति विगारेका छन् ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूले सवैभन्दा वढी ९२ प्रतिशत आदरमा सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले पनि ९२ प्रतिशत आदरमा सङ्गति मिलाएका छन् ।

सामुदायिक विद्यालयका विद्यार्थीहरूले सवैभन्दा वढी ६३ प्रतिशत वचनमा सङ्गति वचनमा सङ्गति वगारेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले सवैभन्दा वढी लिङ्गमा ३५ प्रशित सङ्गति विगारेका छन् । विशेष्य र विशेषणको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले आदरमा ७३ प्रतिशत त्रुटि गरेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको आदरमा १५ प्रतिशत त्रुटि गरेको पाइन्छ । औसतमा हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले लिङ्गमा वढी सङ्गति विगारेका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूले भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले आदरमा वढी त्रुटि गरेको पाइन्छ । समग्रमा विशेष्य र विशेषण्को सङ्गतिमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

### ४.२.४. भेद्य र भेदकको सङ्गति

भेद्य र भेदकको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ८**

**भेद्य र भेदकको सङ्गति**

| | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग सम्वन्धी | क | ३६ | ९० | ४ | १० | क | ४० | १०० | | |
| | ख | ३६ | ९० | ४ | १० | ख | ३९ | ९७ | १ | ३ |
| | ग | ३८ | ९५ | २ | ५ | ग | ४० | १०० | | |
| वचन सम्वन्धी | घ | २४ | ६० | १६ | ४० | घ | ३३ | ८२ | ७ | १८ |
| | ङ | ३६ | ९० | ४ | १० | ङ | ४० | १०० | | |
| | च | ३० | ७५ | १० | २५ | च | ३७ | ९२ | ३ | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आदर | छ | ३१ | ७७ | ९ | २३ | छ | ३९ | ९७ | १ | ३ |
| सम्वन्धी | ज | ३० | ७५ | १० | २५ | ज | ३९ | ९७ | १ | ३ |
| | औसत | | ८१ | | | औसत | | ९६ | | ४ |

माथिको तालिकामा वाक्य रचनालाई हेर्दा औसतमा भेद्य र भेदकको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ८१ प्रतिशत सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले ९६ प्रतिशत सङ्गति मिलाएका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले भेद्य र भेदकको सङ्गतिमा १९ प्रतिशत सङ्गति विगारेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूको ४ प्रतिशत सङ्गति विगारेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूले भेद्य र भेदकको सङ्गतिमा सवैभन्दा वढी ९० प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूले १०० प्रतिशत लिङ्गतमा सङ्गति मिलाएका छन् ।

भेद्य र भेदकको सङ्गतिमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले वचनमा ४० प्रतिशत सङ्गति विगारेका छने भने संस्थागत विद्यालयका विद्यार्थीहरूले वचनमा १८ प्रतिशत सङ्गति विगारेका छन् । यसरी औसतमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले वचनमा वढी त्रुटि गरेको पाइन्छ । समग्रमा भेद्य र भेदकको सङ्गतिमा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

## ४.३. लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलना

उदयपुर जिल्लाका कक्षा सातमा अध्ययरत विद्यार्थीहरूको सङ्गतिको आधारमा वाक्य रचना क्षमतालाई लैङ्गिकताका आधारमा वाक्य रचना परीक्षण गर्दा कर्ता र क्रियापदमा लिङ्ग, वचन, पुरूष र आदर, नाम र सर्वनाममा लिङ्ग, वचन, पुरूष र आदर, विशेष्य र विशेषणमा लिङ्ग, वचन र आदर, भेद्य र भेदकमा लिङ्ग, वचन र आदरको सङ्गतिमा जनाएका प्रतिक्रियाहरूको विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.३.१. कर्ता र क्रियापदको सङ्गति

कर्ता र क्रियापदको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ९**

**कर्ता र क्रियापदको सङ्गति**

| | छात्र | | | | | छात्रा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग | क | ३९ | ९७ | १ | ३ | क | ३८ | ९५ | २ | ५ |
| सम्वन्धी | ख | ४० | १०० | | | ख | ३८ | ९५ | २ | ५ |
| वचन | ग | ४० | १०० | | | ग | ३७ | ९२ | ३ | ८ |
| सम्वन्धी | घ | ३५ | ८७ | ५ | १३ | घ | ३३ | ८२ | ७ | १८ |
| पुरूष | ङ | ४० | १०० | | | ङ | ४० | १०० | | |
| सम्वन्धी | च | ३८ | ९५ | २ | ५ | च | ३३ | ८२ | ७ | १८ |
| आदर | छ | ४० | १०० | | | छ | ३६ | ९० | ४ | १० |
| सम्वन्धी | ज | ३८ | ९५ | २ | ५ | ज | ३७ | ९२ | ३ | ८ |
| | औसत | | ९७ | | ३ | औसत | | ९१ | | ९ |

कर्ता र क्रियापदको सङ्गतिमा छात्र र छात्राको वाक्य रचनालाई तुलनात्मक रूपमा हेर्दा औसतमा छात्रले ९७ प्रतिशत सङ्गति मिलाएका छन् भने छात्राले ९१ प्रतिशत सङ्गति मिलाएका छन् । कर्ता र क्रियापदको सङ्गतिमा छात्रले ३ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राले ९ प्रतित सङ्गति विगारेका छन् । छात्रले सवैभन्दा वढी १०० प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् भने छात्राले ९५ प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् । कर्ता र क्रियापदको सङ्गतिमा छात्रहरूले वचनमा १३ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राहरूले वचनमा १८ प्रतिशत सङ्गति विगारेका छन् । छात्रले पुरूषमा ९५ प्रतिशत सङ्गति मिलाएका छन् भने छात्राले पुरूषमा ८२ प्रतिशत सङ्गति मिलाएका छन् । कर्ता र क्रियापदको सङ्गतिमा छात्रले आदरमा २ प्रतिशत त्रुटि गरेका छने भने छात्राले आदरमा १० प्रतिशत त्रुटि गरेको छन् । औसतमा हेर्दा छात्रभन्दा छात्राले वचनमा वढी सङ्गति विगारेका छन् । समग्रमा कर्ता र क्रियापदको सङ्गतिमा छात्राभन्दा छात्रको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

### ४.३.२. नाम र सर्वनामको सङ्गति

नाम र सर्वनामको सङ्गतिमा छात्र र छात्रा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका १०**

**नाम र सर्वनामको सङ्गति**

| | छात्र | | | | | छात्रा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग | क | ४० | १०० | | | क | ३८ | ९५ | २ | ५ |
| सम्वन्धी | ख | ३६ | ९० | ४ | १० | ख | ३२ | ८० | ८ | २० |
| वचन | ग | ३७ | ९२ | ३ | ८ | ग | ३६ | ९० | ४ | १० |
| सम्वन्धी | घ | ३९ | ९७ | १ | ३ | घ | ४० | १०० | | |
| पुरूष | ङ | ३७ | ९२ | ३ | ८ | ङ | ३६ | ९० | ४ | १० |
| सम्वन्धी | च | ३२ | ८० | ८ | २० | च | २९ | ७२ | ११ | २८ |
| आदर | छ | ३९ | ९७ | १ | ३ | छ | ३९ | ९७ | १ | ३ |
| सम्वन्धी | ज | ३३ | ८२ | ७ | १८ | ज | ३८ | ९५ | २ | ५ |
| | औसत | | ९१ | | ९ | औसत | | ८९ | | ११ |

छात्र र छात्राको वाक्य रचनालाई तुलनात्मक रूपमा हेर्दा औसतमा छात्रले नाम र सर्वनामको सङ्गतिमा ९१ प्रतिशत सङ्गति मिलाएका छन् भने छात्राले ८९ प्रतिशत सङ्गति मिलाएका छन् । नाम र सर्वनामको सङ्गतिमा छात्रले ९ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राले ११ प्रतिशत सङ्गति विगारेका छन् । छात्रले सर्वभन्दा वढी १०० प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् भने छात्राले ९५ प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् ।

छात्रहरूले वचनमा ८ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राले ४ प्रतिशत सङ्गति विगारेका छन् । छात्रले पुरूषमा २० प्रतिशत सङ्गति विगारेका छन् छात्राहरूले पुरूषमा २८ प्रतिशत सङ्गति विगारेका छन् । छात्रभन्दा छात्राले पुरूषमा वढी त्रुटि गरेको पाइन्छ । समग्रमा नाम र सर्वनामको सङ्गतिमा छात्राभन्दा छात्रको वाक्य रचना क्षमता उच्च रहेको देखिन्छ ।

### ४.३.३. विशेष्य र विशेषणको सङ्गति

विशेष्य र विशेषणको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ११**

**विशेष्य र विशेषणको सङ्गति**

| | छात्र | | | | | छात्रा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग सम्वन्धी | क | ३० | ७५ | १० | २५ | क | २३ | ५७ | १७ | ४३ |
| | ख | ३३ | ८२ | ७ | १८ | ख | ३३ | ८२ | ७ | १८ |
| | ग | २७ | ६७ | १३ | ३३ | ग | २५ | ६२ | १५ | ३८ |
| वचन सम्वन्धी | घ | २१ | ५२ | १९ | ४८ | घ | २१ | ५२ | १९ | ४८ |
| | ङ | ३९ | ९७ | १ | ३ | ङ | ३७ | ९२ | ३ | ७ |
| | च | १९ | ४७ | २१ | ५३ | च | २७ | ६७ | १३ | ३३ |
| आदर सम्वन्धी | छ | ३७ | ९२ | ३ | ८ | छ | ३७ | ९२ | ३ | ८ |
| | ज | १८ | ४५ | २२ | ५५ | ज | २४ | ६० | १६ | ४० |
| | औसत | | ७० | | ३० | औसत | | ७० | | ३० |

छात्र र छात्राको वाक्य रचनालाई तुलनात्मक रूपमा हेर्दा औसतमा छात्र र छात्रा दुवैले विशेष्य र विशेषणको सङ्गतिमा ७० प्रतिशत सङ्गति मिलाएका छन् भने दुवैले ३० प्रतिशत सङ्गति विगारेका छन् । छात्रले सवैभन्दा वढी ९७ प्रतिशत वचनमा सङ्गति मिलाएका छन् भने छात्राले ९२ प्रतिशत वचनमा सङ्गति मिलाएका छन् ।

विशेष्य र विशेषणको सङ्गतिमा छात्रहरूले आदरमा ४५ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राहरूले ६० प्रतिशत सङ्गति विगारेको पाइन्छ । छात्रले वचनमा ४७ प्रतिशत सङ्गति मिलाएका छद्धन् भने छात्राले वचनमा ६९ प्रतिशत मिलाएका छन् । छात्रले लिङ्गमा सवैभन्दा वढी ३३ प्रतिशत सङ्गति विगारेका छन् भने छात्राले ३८ प्रतिशत सङ्गति विगारेका छन् । विशेष्य र विशेषणको सङ्गतिमा छात्राभन्दा छात्रले आदरमा वढी त्रुटि गरेको र छात्र र छात्रा दुवैले वचनमा पनि वढी त्रुटि गरेको पाइन्छ । समग्रमा विशेष्य

र विशेषण्को सङ्गतिमा छात्रा र छात्रको वाक्य रचना क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

छात्राले वचनमा गरेका त्रुटि क्षेत्र

क)  हमीहरू घर जान्छु ।

छात्रले आदरमा गरेको त्रुटि क्षेत्र

क)  तपाई त साह्रै निष्ठुरी छौं ।

### ४.३.४. भेद्य र भेदकको सङ्गति

भेद्य र भेदकको सङ्गतिमा विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका १२**

**भेद्य र भेदकको सङ्गति**

| | छात्र | | | | | छात्रा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग सम्वन्धी | क | ३८ | ९५ | २ | ५ | क | ३९ | ९७ | १ | ३ |
| | ख | ३८ | ९५ | २ | ५ | ख | ४० | १०० | | |
| | ग | ४० | १०० | | | ग | ४० | १०० | | |
| वचन सम्वन्धी | घ | २६ | ६५ | १४ | ३५ | घ | ३० | ७५ | १० | २५ |
| | ङ | ३७ | ९२ | ३ | ८ | ङ | ३९ | ९७ | १ | ३ |
| | च | ३६ | ९० | ४ | १० | च | ३२ | ८० | ८ | २० |
| आदर सम्वन्धी | छ | ३३ | ८२ | ७ | १८ | छ | ३७ | ९२ | ३ | ७ |
| | ज | २४ | ६० | १६ | ४० | ज | ३५ | ८७ | ५ | १३ |
| | औसत | | ८५ | | १५ | औसत | | ९१ | | ९ |

छात्र र छात्राको वाक्य रचनालाई तुलनात्मक रूपमा हेर्दा औसतमा छात्रले भेद्य र भेदकको सङ्गतिमा ८५ प्रतिशत सङ्गति मिलाएका छन् भने छात्राले ९१ प्रतिशत सङ्गति मिलाएका छन् । भेद्य र भेदकको सङ्गतिमा छात्रले १५ प्रतिशत सङ्गति विगारेका छन्

भने छात्राले ९ प्रतिशत सङ्गति विगारेका छन् । छात्र र छात्राले सवैभन्दा वढी १०० प्रतिशत लिङ्गमा सङ्गति मिलाएका छन् ।

छात्राहरूले सवैभन्दा वढी आदरमा ६० प्रतिशत सङ्गति विगारेका छन् भने छात्राहरूले आदरमा ८७ प्रतिशत सङ्गति विगारेका छन् । छात्राहरूले सवैभन्दा वढी वचनमा २५ प्रतिशत सङ्गति विगारेको पाइन्छ भने छात्रले वचनमा ३५ प्रतिशत सङ्गति विगारेको पाइन्छ । भेद्य र भेदकको सङ्गतिमा छात्रले छात्राभन्दा छात्रले आदरमा वढी त्रुटि गरेका छन् भने छात्रभन्दा छात्राले वचनमा वढी त्रुटि गरेको पाइन्छ । आदर र वचनमा छात्राको तुलनामा छात्रले वढी त्रुटि गरेको पाइन्छ । समग्रमा भेद्य र भेदकको सङ्गतिमा छात्रा र छात्रको वाक्य रचना क्षमता राम्रो रहेका देखिन्छ ।

## ४.४. भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलना

उदयपुर जिल्लाका कक्षा सातमा अध्ययरत विद्यार्थीहरूको सङ्गतिको आधारमा वाक्य रचना क्षमतालाई भाषिक पृष्ठभूमिका आधारमा वाक्य रचना परीक्षण गर्दा कर्ता र क्रियापदमा लिङ्ग, वचन, पुरूष र आदर, नाम र सर्वनाममा लिङ्ग, वचन, पुरूष र आदर, विशेष्य र विशेषणमा लिङ्ग, वचन र आदर, भेद्य र भेदकमा लिङ्ग, वचन र आदरको सङ्गतिमा जनाएका प्रतिक्रियाहरूको विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.४.१. कर्ता र क्रियापदको सङ्गति

कर्ता र क्रियापदको सङ्गतिमा नेपाली मातृभाषी र तामाङ्गमातृभाषी विद्यार्थीहरूले देखाएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका १३**

**कर्ता र क्रियापदको सङ्गति**

| | नेपाली मातृभाषी | | | | | तामाङ्गमातृभाषी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्गतिका आधारहरू | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. | प्रश्नहरू | सही गर्ने सं | सही प्र. | गलत गर्ने सं. | गलत प्र. |
| लिङ्ग सम्वन्धी | क | ३२ | ८० | ८ | २० | क | ३३ | ८२ | ७ | १८ |
| | ख | ३५ | ८७ | ५ | १३ | ख | २८ | ७० | १२ | ३० |
| वचन | ग | ३७ | ९२ | ३ | ८ | ग | ३६ | ९० | ४ | १० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्वन्धी | घ | ३६ | ९० | ४ | १० | घ | ३५ | ८७ | ५ | १३ |
| पुरूष | ङ | ३७ | ९२ | ३ | ८ | ङ | ३३ | ८२ | ७ | १८ |
| सम्वन्धी | च | ३८ | ९५ | २ | ५ | च | ३७ | ९२ | ३ | ८ |
| आदर | छ | ३८ | ९५ | २ | ५ | छ | ३८ | ९५ | २ | ५ |
| सम्वन्धी | ज | ३२ | ८० | ८ | २० | ज | ३० | ७५ | १० | २५ |
| | औसत | | ८९ | | ११ | औसत | | ८४ | | १६ |

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र तामाङ्गमातृभाषी विद्यार्थीहरूले वाक्य रचनालाई तुलनात्मक रूपमा हेर्दा औसतमा नोपली मातृभाषीले कर्ता र क्रियापदको सङ्गतिमा ८९ प्रतिशत सङ्गति मिलाएका छन् भने तामाङ्गमातृभाषी विद्याथीहरूले ८४ प्रतिशत सङ्गति मिलाएका छन् । नेपाली मातृभाषीले ११ प्रतिशत सङ्गति विगारेका छन् भने तामाङ्गमातृभाषीले १६ प्रतिशत सङ्गति विगारेका छन् । नेपाली मातृभाषी विद्यार्थीहरूले सवैभन्दा वढी पुरूषमा ९२ प्रतिशत सङ्गति मिलाएका छन् भने तामाङ्गमातृभाषी विद्यार्थीहरूले ९२ प्रतिशत सङ्गति मिलाएका छन् ।

नेपाली मातृभाषी विद्यार्थीहरूले लिङ्गमा २० प्रतिशत त्रुटि गरेका छन् भने तामाङ्गमातृभाषी विद्यार्थीहरूले १८ प्रतिशत त्रुति गरेको छन् । कर्ता र क्रियापदको सङ्गतिमा तामाङ्गमातृभाषी विद्यार्थीहरूले आदरमा २५ प्रतिशत त्रुटि गरेको देखिन्छ भने नेपाली मातृभाषी विद्यार्थीहरूले २० प्रतिशत त्रुटि गरेको देखिन्छ । नेपाली मातृभाषीभन्दा तामाङ्गमातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर रहेको छ । समग्रमा कर्ता र क्रियापदको सङ्गतिमा नेपाली मातृभाषी र तामाङ्गमातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

